# आर्थिक बर्ष २०५०–५१

## २०५० साल आषाढ २७ गते संसदको पाँचौ अधिवेशनमा
## अर्थ राज्य मन्त्री महेश आचार्यले
## दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०५०

**सम्माननीय सभामुख महोदय,**

१ जननिर्वाचित सरकारको अर्थ–राज्यमन्त्रीको हैसियतले यस सम्मानीत संसदको पाँचौ अधिवेशनमा नेपाल अधिराज्यको आर्थिक बर्ष २०५०।५१ को बजेट प्रस्तुत गर्न पाउँदा म ज्यादै गौरवान्वित भएको छु । नेपाली काँग्रेसको सरकारको तेश्रो बर्षको आय व्यय विवरण पेश गर्ने यस अवसरमा समतामुलक समाज सृजना गर्ने सरकारको संकल्पलाई मूर्तरुप दिने क्रममा हामीले लिएका रणनीति र आर्थिक क्रियाकलपालाई परिणामको आधारमा पुनरावलोकन गर्ने प्रयास गरेको छु । यस समीक्षाको पृष्ठभूमिका विगतका उपलब्धिहरुलाई ठोस रुप दिंदै तथा कमजोरीहरु हटाउँदै रणनीतिमा आवश्यक सुधार र समायोजन गरी आगामी बर्षको नीति र कार्यक्रम तर्जुमा गरेको छु। बजेट तर्जुमा गर्दा माननीय सांसदहरुले पटक पटक विभिन्न समयमा दिनुभएको सुझावहरुलाई समेत दृष्टिगत गरेको छु ।

२ विकासोन्मुख मुलुकहरुमा राजनीति र विकास बीच अन्योन्याश्रित सम्बन्ध रहेको तथ्य निर्विवाद छ । प्रजातन्त्र विना विकास संभव नहुने र विकास विना प्रजातन्त्र सुरक्षित हुन नसक्ने सन्दर्भमा प्रजातन्त्र प्रति प्रतिवद्ध हामी सबैले कसरी देशमा विकास प्रक्रिया गतिशील हुन्छ र के गरेमा प्रजातन्त्र दिगो हुन्छ भन्ने प्रश्नहरुमा गम्भीर मनन गर्नु जरुरी भइसकेको ठान्दछु । यसका साथै कस्ता क्रियाकलापहरुले प्रजातन्त्र र विकासको प्रक्रियालाई अवरुद्ध पार्न सक्दछन् भन्ने प्रश्न तर्फ पनि गंभीर रुपले सोच्नु पर्ने बेला आएको महशूस गरेको छु । आर्थिक विकास कडा परिश्रम तथा सम्पूर्ण देशबासीका बचि एकता र सम्झदारीको हातेमालो विना सम्भवन हुन्न । विकासे निम्ति रुढीवादी चिन्तनबाट मुक्ति, उपयुक्त वातावरण, श्रोत र साधन आवश्यक हुन्छ, तर त्यतिले मात्र पनि पुग्दैन । विकासका लागि हामी सबै नेपालीको प्रतिवद्धता र आत्मविश्वास चाहिन्छ, अनुशासन र आत्मसंयम चाहिन्छ र सामाजिक उत्तरदायित्व वहन गर्ने अठोट चाहिन्छ । विकास एकै पटक हठात घटिहालने घटना होइन, यो एउटा प्रक्रिया हो जसका लागि धैर्य र निरन्तर प्रयास पनि चाहिन्छ । आज मुलुकमा जे जति विकासका पूर्वाधार निर्मित भएका छन् ती सबै जनताले कष्ट सहेर थोपा थोपा रगत र पसीनाले सिंचित गरेका पूर्वाधार हुन । प्रजातन्त्र, शान्ति र स्थिरता जस्ता अमूर्त तर अपरिहार्य पूवाधार देखि यातायात, विद्युत र दुरसंचार जस्ता मूर्त र महत्वपूर्ण पूर्वाधारहरुलाई जोगाउँदै र बढाउँदै लैजानु प्रजातान्त्रिक राजनीतिको जिम्मेवारी र धर्म हो । जति छिटो हामी सबैले यस सत्यलाई आत्मसात गछौं त्यति नै चाँडो उज्वल भविष्यको निर्माण संभव हुन्छ । म देशको उज्वल भविष्य प्रति र प्रजातान्त्रिक शक्तिहरुको नेतृत्व क्षमता प्रति आस्वस्त छु ।

**<u>आर्थिक विकासको उपलब्धिमूलक यथार्थहरु</u>**

**सभामुख महोदय**

३ नेपाली काँग्रेसको सरकारले आफ्नो कार्यकालको तेश्रो बर्षमा प्रवेश गरेको छ । विगतका आर्थिक विषमता र बोझ समेत बोक्नु परे पनि सरकारले आफ्नोक कार्याकालको दुइ बर्षमा आर्थिक क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । यस छोटो अवधिमा हामीले उच्च आर्थिक बृद्धिदर हासिल गर्न नसकेतापनि अर्थतन्त्रमा आधारभूत परिवर्तन भने अवश्य गरेको छौं र अर्थतन्त्रलाई एउटा निर्दिष्ट दिगा र गति प्रदान गरेका छौं । देश विकास प्रति जनतामा नयाँ चेतना, जोश र जाँगर जगाएका छौं भने हाम्रो अर्थ व्यवस्था र यसको क्षमता प्रति स्वदेशी एवं विदेशीहरुको चाख र विश्वास पुनर्स्थापित गर्न सफल भएका छौं । आज देशमा आर्थिक लाभ र मुलुकको बैशिष्ठयताको आधारमा उपलब्ध श्रोत र साधन प्रवाहित हुने र उद्यमशीलता प्रोत्साहित हुने वातावरण तयार भएको छ । मुलुकको आर्थिक क्रियाकलाप निर्विवाद रुपमा उत्पादनशीलता र गुणात्मकता तर्फ लक्षित छ । यसरी देशवासीको सहयोग र सम्झदारीमा हामीले एक बलियो आर्थिक जग बसालेका छौं जसको आधारमा आर्थिक विकास दर तीब्र पार्दै राष्ट्रिय आय उपभोगमा समाजका कमजोर वर्गको उचित हिस्सेदारी सुनिश्चित गरी न्यायोचित आर्थिक विकासको परिकल्पना साकार गर्न संभव हुनेछ ।

अब म हाम्रा यी उपलब्धिहरुलाई केही आर्थिक परिसूचकहरुको विश्लेषणबाट पुष्टी गर्दछु ।

**<u>मुद्रास्फिति दर नियन्त्रित</u>**

४ आर्थिक क्षेत्रम यसबर्ष हामीले हासिल गरेको एक प्रमुख उपलब्धि मुद्रास्फिति दरमा नियन्त्रण हुनु हो । लगातार दुई बर्षको मौसमको प्रतिकुलता र नेपाली मुद्राको अवमूल्यन र पूर्ण परिवर्त्यता तर्फ जाँदा उत्पन्न भएको चापका वावजुद सरकारले आर्थिक क्षेत्रमा लिएको विवेकपूर्ण नीतिको फलस्वरुप मुद्रास्फिति दरमा छोटो अवधिमा नै उल्लेख्य सुधार आएको छ । मुद्रास्फितिको दर एक अंक (Single Digit) मा झर्न पुगेको छ । मूल्य स्थितिमा यसरी आएको सुधारबाट हाम्रो उद्योग धन्धाको प्रतिस्पर्धात्मकता बढेको, नेपाली मुद्राको विनिमय दरमा स्थायित्व आएको र निश्चित तथा कम आय हुने नेपालीहरुको क्रयशक्तिमा सुधार भएको छ । अपेक्षाकृत रुपमा मनसुन अनुकूल भएमा आगामी बर्ष मूल्य बृद्धिदर ५–६ प्रतिशतको हाराहारीमा राख्न सकिने हाम्रो विश्वास छ । त्यसो हुन सकेमा आर्थिक सुधारको गतिलाई अझै तीब्र गर्न सकिने र उच्च विकास दर हासिल गर्न सकिने हुन्छ ।

## वित्तीय क्षेत्रमा सुधार

५ त्यस्तै वित्तीय सुधारका लागि चलिएका कदमहरुबाट सार्वजनिक क्षेत्रका स्वदेशी बैकहरुको क्रियाकलाप र वित्तीय स्थितीमा केही सुधार आएको छ । बाणिज्य बैंकहरुको लागि तोकिएको अनिवार्य तरलताको अनुपात यसै आर्थिक बर्षमा २४ बाट झरेर २२ प्रतिशतमा ल्याएबाट बैंकहरुको निजी क्षेत्रलाई कर्जा प्रवाह गर्ने क्षमतामा केही बृद्धि भएको छ । सरकारी ट्रेजरी विल बोलकबोल प्रथाद्धारा नियमित रुपले बेचविखन गर्न थाले यता माग र आपूर्तिको आधारमा बजारबाट ब्याजदर निर्धारित हुने गरेको छ । यसै सिलसिलामा सेक्यूरिटी बजार विकास गर्ने हेतुले "दोश्रो बजार" स्थापना गर्ने कार्य पनि भैराखेको छ । मूल्यस्थितिमा देखा परेका सुधार चालुखाता घाटा कम हुँदै गएको अवस्था र बैंकिग क्षेत्रमा साधनहरुको उपलब्धताले गर्दा बैंक ब्याजदर घट्ने बलियो संभावना पनि देखा परेको छ । फलस्वरुप देशमा उत्पादन लगानी अझ प्रोत्साहित हुने स्थितिको सिर्जना भएको छ। वित्तीय क्षेत्रमा सुधारको क्रम सँगै थप बाणिज्य बैंकहरुको स्थापना, वित्त कम्पनी र बीमा कमपनीहरुले कार्य प्रारम्भ गर्ने प्रक्रिया पनि प्रारम्भ भएको छ । पूँजीबजारको विकासका निम्ति पनि उचित नीतिगत र कानूनी आधार तयार भएपछि संस्थागत गतिविधिहरु प्रारम्भ भएका छन् ।

## निर्यातमा उल्लेख्य बृद्धि

६ वर्तमान सरकारले लिएको खुला बजार र उदार आर्थिक नीति अन्तर्गत निर्यात ब्यापारलाई दिइएको प्रात्साहन र सुविधाको कारण नेपाली वस्तुको समुद्रपार निर्यातमा उल्लेखनीय प्रगति भएको छ । चालु आर्थिक बर्षको प्रथम ११ महिनामा देशको कूल निर्यात २६ प्रतिशतले बृद्धि भएको र परिणामस्वरुप विकासका लागि आवश्यक वस्तु आयात गर्ने हाम्रो क्षमता बढेको छ । तर पनि हामीले निर्यातको वस्तुगत र देशगत दायरा फराकिलो पार्न थप प्रयास गर्नु पर्ने देखिन्छ ।

७ बढ्दो निर्यातको दाँजोमा आयात बृद्धिदर घटेको कारण यस बर्ष चालु खाता घाटामा ४४.१ प्रतिशतले कमी आएको छ निर्यातमा भएको उल्लेखनीय बृद्धिले गर्दा शोधनान्तर स्थिति पनि हाम्रो पक्षमा रहेको छ । यिनै कारणहरुले गर्दा अन्य विकासशील मुलुकहरुले झै हामीले भुक्तानी असन्तुलनको समस्या ब्यहोर्नु परको छैन फलस्वरुप हाम्रो विदेशी मुद्राको संचिति ३८.३ प्रतिशतले बृद्धि भएको छ र यो संचितिले १० महिनाको आयात धान्न सक्नेछ । तर विदेशी मुद्रा संचितिमा सुधार हुनु राम्रो भएतापनि विदेशी मुद्रा जस्तो अमूल्य साधन निस्क्रिय रुपमा संचय गर्नु आर्थिक दृष्टिकोणले वाञ्छनीय हुन्न । यसो गर्दा मुलुकले हुन सक्ने लाभबाट वञ्चित हुनु पर्ने वा अनावश्यक मूल्य चुकाउनु पर्ने हुन्छ । त्यसैले देशको ब्यापार एवं भुक्तानी स्थितिलाई मध्यनजर राखी संचिति परिमाणलाई एउटा निश्चित सीमा भित्र राखेर त्यसभन्दा बढी संचिति उपयोग गर्ने नीति अझ ब्यापक बनाउन हाम्रो लागि आवश्यक भएको छ ।

## उत्पादनशील उद्योग व्यवसाय खोल्ने क्रम शुरु

८ हामीले अख्तियार गरेका आर्थिक नीति र कार्यक्रमको मूल्याकंन गर्दा तिनले उत्पादन र रोजगारी बृद्धिमा पुऱ्याएको योगदानबाट गर्नु वस्तुपरक हुन्छ । प्रारम्भिक अवस्थामा भने नीतिगत प्रभावबाट के कस्ता उद्योगहरु खुले र के कति खुल्ने क्रममा छन् भन्ने कुरा पनि मूल्याङ्कनको निम्ति उत्तिकै महत्वपूर्ण हुन्छ । आज देशमा उद्योग धन्दा खोल्न केही अपवादलाई छाडेर इजाजत लिन नपर्ने भएकाले र प्रायः सबै वस्तुको आयात निर्यात खुला गरिएकाले निजी क्षेत्रमा निर्यातमुखी एवं पर्यटन र कृषिमा आधारित थुप्रै उद्योगहरु खुलेका छन् र कतिपय खुल्ने क्रममा छन् । सेवा क्षेत्रमा पनि विमानसेवा कम्पनी, ग्रामीण बैक वाणिज्य बैकहरु, वित्त कम्पनीहरु , बीमा कम्पनीहरु खुलेका छन् र थप केही खुल्ने तरखरमा छन् । विद्युत क्षेत्रमा निजी क्षेत्रको पावर कम्पनी खुलेको र निजी क्षेत्रले रासायनिक मल समेत आयात गर्न शुरु गरी सकेको छ । केही अपवादलाई छाडी यी उद्योगहरु अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी हुनुको साथै श्रम मुलक पनि छन् । निजीकरण गरिएका उद्योगहरुले पनि आफ्नो कार्य संचालनमा प्रभावकारिता ल्याएका छन् र उद्योगको क्षमता विस्तार गर्ने योजना कार्यान्वयन गर्ने क्रममा छन् । यी उद्योगहरुले थप रोजगारी सृजना गरेपछि र सर्वसाधारण र सम्बन्धित उद्योगका कर्मचारीका लागि छुट्याइएको शेयर सार्वजनिक रुपमा वितरण गर्न थाले पछि जनताले निजीकरणको प्रत्यक्ष लाभ पनि महशुस गर्ने विश्वास मैले लिएको छु ।

९ हाम्रो प्रजातानित्रक र आर्थिक सुधारका प्रयास र छिमेकी मुलुकको दाँजोमा हामीले तयार पारेको लगानीको वातावरणबाट प्रभावित भएर विदेशी लगानीकर्ताहरु पनि नेपाल प्रति आकृष्ट भएका छन् । विदेशी पूर्ण स्वामित्वका र संयुक्त लगानीका विभिन्न परियोजनाका प्रस्तावहरु आएका छन् र कतिपय कार्यान्वयनको विभिन्न चरणमा छन् । यी सबै गतिविधिहरु निश्चित रुपमा सकारात्मक लक्षणहरु हुन जसको जगेर्ना र विस्तार गर्न सकियो भने हाम्रो अर्थतन्त्रलाई विस्तारै दिगो औद्योगिक विकासतर्फ केन्द्रीत गर्न सकिने बलियो संभावना देख्दछु ।

## नेपाली मुद्राको विश्वसनीयतामा अभिबृद्धि

१० हामीले नेपाली मुद्रालाई पूर्ण परिवर्त्य गर्दा र विनिमय दर निर्धारण प्रक्रियालाइ बजारमा छोड्दा नेपाली मुद्रा निरन्तर अवमूल्यन हुने र यसको विनिमय दरमा अनियन्त्रित उतार चढाव आउने अड्कल बाजी भएका थिए । तर यी तथ्यमा आधारित थिएनन् र त्यसैले आज गलत सावित भएका छन् । विदेशी मुद्राको दाँजोमा नेपाली मुद्रा निर्यात हतोत्साहित नहुने ढंगले बलियो भएको र विदेशी मुद्राको बजारमा लगभग स्थायित्व देखिएको छ। विदेशी मुद्राको अबैध कारोवारमा पनि

सिथिलता आएको छ । नेपाली मुद्रामा ब्यापारी तथा सर्वसाधारण सबैको विश्वास बढेको र सोही मुद्रा संचिति गर्ने प्रबृत्ती बढ्दै गएको स्पष्ट देखिएको छ । निर्यात उद्योग जस्ता मौद्रिकीकरण भएका क्षेत्रहरुमा भएको उच्च उत्पादन बृद्धि समेतले गर्दा नेपाली मुद्राको मागमा बृद्धि भएको र अर्थतन्त्रको तरलता प्रशोचन गर्ने क्षमतामा बृद्धि आएको छ । नेपाली मुद्राको विश्वसनीयता बढेकै कारणले निजी पूँजी प्रवाहमा पनि सकरात्मक प्रभाव परेको छ ।

**अर्थतन्त्रमा देखिएका चुनौती र समस्याहरु**

अब म अर्थतन्त्रमा देखिएका केही चुनौति र समस्याहरुको पनि विवेचना गर्दछु ।

**बढदो वित्तीय घाटा**

११ हाम्रो सामु बजेट घाटा र खास गरी आन्तरिक ऋण परिचालन कसरी न्यून गर्ने भन्ने प्रश्न एक प्रमुख चुनौतिको रुपमा खडा छ। सरकारले अवलम्बन गरेको उदार अर्थ व्यवस्थाको बाटोले परम्परागत ढाँचाको कर प्रणाली र राजश्व संकलन प्रकृयालाई ब्यापक रुपमा परिवर्तन गर्ने आवश्यकता तर्फ इंगीत गर्दछ । यस्तो समायोजन गर्नु पर्दा अल्पकालमा राजश्व संकलनमा प्रतिकूल प्रभाव पर्नु स्वाभाविक पनि हुन्छ । अर्कोतिर ठिक यही बेला प्रजातन्त्रको उद्‌भव सँगै जनताको विकास चाहना र आवश्यकताहरु अभूतपूर्व रुपमा बढेका र मुखरित्त भएका छन् । यातायात, शिक्षा, खानेपानी, स्वास्थ्य, सिंचाई र विद्युत क्षेत्रका नभई नहुने विकास आयोजनामा बढ्दो खर्चका मागले बजेटमा निरन्तर चाप पारिराखेको स्थिति छ । यिनै कारणहरुले गर्दा हाम्रो निरन्तर प्रयासको बावजुद चालु बर्ष हामीले बजेट घाटालाईं लक्षित सीमा भित्र राख्न सकेनौं । आर्थिक विकास दरमा अपेक्षकृत बृद्धि हुन नसकेको कारणले र आयातको बृद्धिमा ह्रास हुन गई राजश्वमा आशातित रुपले बृद्धि हुन सकेन । तर पनि कर राजश्वमा ११ महिनामा १७.२ प्रतिशतले बृद्धि भएको छ । अर्कोतर्फ प्रशासनिक सुधार एवं सुदृढीकरण गर्ने क्रममा पर्न आएको वित्तिय दायित्व र वाह्य तथा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीको भारले गर्दा साधारण खर्च हामीले चाहे अनुरुप नियन्त्रित हुन सकेन । फलस्वरुप सरकार आन्तरिक ऋण परिचालन गर्न बाध्य भयो । तर देशले यस्तो स्थिति धान्न सक्दैन र यस्तो स्थिति कायम रहनु निश्चय पनि हामीले अंगिकार गरेको नीति अनुकूल हुन्न ।

**वेरोजगारीको समस्या**

१२ त्यस्तै अर्को जटिल समस्या बेरोजगारीको छ । अर्थ व्यवस्थालाई नयाँ दिशा र गति दिने क्रममा गरिएका नीतिगत सुधारहरुबाट आर्थिक गतिविधिमा गतिरोध र उद्योग धन्धामा विचलन आउन नदिन र खास गरी त्यस्ता परिवर्तनहरु श्रमिक वर्गका लागि कष्टप्रद हुन नदिन हामी धेरै हदसम्म सफल भएका छौं । तर आर्थिक खुलापन र उदारीकरणको हाम्रो नीतिले उत्पादन बृद्धि र रोजगारीको सृजनामा आशा गरे जस्तो योगदान अझै पुग्न सकेको छैन । उदारीकरण प्रकृयाको सकारात्मक प्रतिफल हामीले चाहे जस्तो गरी ग्रामीण क्षेत्रसम्म पुग्न पनि बाँकी नै छ । उद्योग व्यवसायहरुले परिवर्तित सन्दर्भ अनुरुप समायोजन गर्दै रहेकोले नयाँ उत्पादन शुरु गर्ने र संचालित उद्योगहरुको क्षमता बृद्धि गर्ने क्रम अझै बयापक भैसकेको छैन । जे जति थप रोजगारीका अवसरहरु पर्यटन,वित्तीय र निकासी ब्यापार आदि क्षेत्रमा सृजना भएका छन् तिनको पुनस्थानीय जनताले पूर्ण लाभ उठाउन बाँकी नै छ । त्यसैले ग्रामीण तह देखि शिक्षित वर्ग समेतमा वेरोजगारीको समस्या विद्यमान छ । सरकारी क्षेत्रले थप रोजगारी सृजना गर्ने सीमित संभावना भएको अवस्थामा गैर सरकारी र निजी क्षेत्रले श्रम बजारको माग बमोजिम रोजगारी दिन नसकेमा हाम्रो गरीवी निवारण गर्ने लक्ष्य प्राप्त गर्न कठिन हुनजान्छ । सरकारका निम्ति अहिले यही यथार्थ नै गंभीर चिन्ता र चासोको विषय भएको छ ।

**अत्यावश्यक भौतिक पूर्वाधारको कमी**

१३ हामीले सामना गरिरहेको अर्को समस्या विद्युत आपूर्तिको निरन्तर संकट हो । देशमा प्रतिवर्ष कम्तीमा २५ देखि ३५ मेघावाट थप विद्युतशक्तिको माग भैरहेको छ । विद्युतको बढ्दो मागलाई पुरा गर्ने दृष्टिले विद्युत उत्पादन गर्ने समयावद्ध योजनाहरु विगतमा तयार नगरिएको हुँदा प्रजातान्त्रिक सरकारको पालामा विद्युत आपूर्तिको समस्या एक्कासी गहिरिएर आएको छ । विद्युत आपूर्तिमा भएको कमी कै कारणले उद्योगधन्दा र विदेशी लगानीका सम्भावनाहरुमा प्रतिकुल असर परिराखेको छ । विद्युत आपूर्ति गर्ने कार्य लामो समय लाग्ने, महँगो र पूँजी प्राधान्न हुने यथार्थ हामी सबैलाई थाहा छ । त्सैले देशको आवश्यकता र क्षमता अनुरुप विद्युत विकास योजना तयार गर्नु आवश्यक हुन्छ भने बहुराष्ट्रिय सहायता परिचालनका लागि त्यस्तो योजना दातृ मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सस्थाहरुका लागि ग्राह्य हुनु पनि जरुरी हुन्छ । विद्युत परियोजनको विकासमा विभिन्न क्षेत्रको सहभागिता जुटाउन नीतिगत एवं कानुनी पूर्वाधारहरु निर्माण गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । स्थितीको गंभिरतालाई ध्यानमा राखी नेपाली काँग्रेसको सरकार गठन भएपछि हामीले विद्युत परियोजना निर्माणका लागि तदारुकताका साथ प्रारम्भिक कार्य थाल्यौं र अहिले हामी परियोजना कार्यान्वयन तर्फ धेरै अगाडि बढी सकेका छौं । तै पनि देशले अझै १।२ बर्ष विद्युत माग नियन्त्रणबाट नै आपूर्ति व्यवस्थापन गर्नु पर्ने देखिन्छ । विद्युत आपूर्ति जस्तै खानेपानी, यातायात र शहरी वातावरणमा पनि अधिकतम चाप पर्दै गैरहेको हालको स्थितिमा शहरी जीवनमा प्रतिकूल असर परिराखेको छ भने ग्रामीण क्षेत्रमा पनि शिक्षा, स्वास्थ्य,पिउनेपानी, यातायात र सिंचाईका पूर्वाधारहरुको अभावले जीवन कष्टप्रद रहेको छ । भौतिक पूर्वाधारको यस्तो कमीले उद्योगको अतिरिक्त पर्यटन प्रवर्द्धनलाई समेत प्रतिकूल प्रभाव पार्न सक्ने हुन्छ ।

**आयोजना कार्यान्वयनमा ढिलाई**

१४ गत बर्ष बजेट पशे गर्दा मैले विकास आयोजनाहरुको कार्यान्वयन पक्ष कमजोर रहेको तर्फ इंगित गर्दै आयोजना समयमा सम्पन्न गर्न र तीनको प्रभावकारीतामा बृद्धि ल्याउन विभिन्न उपायहरु प्रस्तावित गरेको थिएँ । ती उपायहरुको अवलम्बनबाट स्थितिमा केही सुधार आएतापनि हाम्रो आयोजना कार्यान्वियन र संचालन क्षमतामा अझै अपेक्षाकृत बृद्धि भएको छैन । परिचालित विदेशी सहयोगको स्यानो अंश मात्र हामीले वर्षेनी खर्च गर्न सकेका छौं । यसरी देश एकातिर उपलब्ध विदेशी सहायताबाट हुन सक्ने लाभबाट वञ्चित हुन पुगेको छ भने अर्को तर्फ यस्तै स्थिति कायम रहेमा हाम्रो बैदेशिक सहयोग परिचालन गर्ने क्षमतामा पनि ह्रास आउन सक्ने हुन्छ । त्यसैले हामीले बैदेशिक सहयोगको परिचालनमा भन्दा उपयोगमा जोड दिंदै आएका छौं । तर वैदेशिक सहयोगको उपयोग बढाउनका लागि हाम्रो ध्यान अधिकतम राजश्व परिचालन र अनुत्पादक एवं धान्न नसकिने खर्चलाई नियन्त्रण गर्ने तर्फ केन्द्रीत हुन जरुरी हुन्छ । यो विषय विवाद रहित र सबै पक्षको सहमतिको विषय बन्न सक्यो भने बैदेशिक सहायताको उपायोग वा आयोजना कार्यन्वयनमा निश्चित रुपमा सुधार संभव हुन्छ । राजश्व बचत बृद्धि गर्ने प्रशासनिक कार्य क्षमतामा बृद्धि गर्नु दीर्घकालीन दृष्टिले महत्वपूर्ण छन् भने अल्पकालमा आयोजना प्रमुखलाई बढी अधिकार सम्पन्न र जिम्मेवार बनाउने, आयोजनाको प्रगतिलाई आयोजना प्रमुखको कार्य मूल्यांकनसँग सम्वद्ध गर्ने तथा असान्दर्भिक नियमहरुमा समयानुकुल सुधार र परिवर्तन गर्दै जानु आयोजना कार्यान्वयनमा हुने ढिलाई हटाउन प्रभावकारी उपाय देखिएका छन् । यी उपायहरु प्रति सजग भएर यो बर्ष थालिसकेका विभिन्न कदमहरुसँगै आगामी बर्ष देखि आयोजना अनुगमनलाई प्रभावकारी बनाउने तर्फ सरकारले ध्यान दिनेछ ।

**बजेटको प्राथमिकता**

१५ नेपाल क्षेत्रफलको दृष्टिले धेरै ठूलो मुलुक नभएतापनि भौगोलिक विविधताले भरिएको मुलुक भएको र यही कारण समेतले गर्दा प्राकृतिक श्रोत एवं सम्पदामा पनि विभिन्नता भएको हुँदा विकासमा क्षेत्रीय असन्तुलनको स्थिति रहेको कुरामा दुई मत हुन सक्तैन । यसले गर्दा देशका सबै भागका जनताका तत्कालिन चाहना एवं आवशयकतामा पनि समानता र एक रुपता देखिदैन । त्यसैले गरीवी र पछौटेपन सिंगो मुलुककै निमित्त गम्भिर साझा बिषय भएतापनि देशका विभिन्न भागका जनताको क्षेत्रगत समस्यामा विविधता रहेको तथा समस्या समाधानका उपायका बारेमा पनि दृष्टिकोणमा विविधता रहेका छ । आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यिनै विविधता र समस्याहरुलाई मध्यनजर राखी जनइच्छा प्रतिविम्बित गर्ने किसिमको नीति अवलम्बन गरेको छ । प्राथमिक शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामीण यातायात, सिंचाई र आय तथारोजगारीमूलक जसता गरीवी निवारण कार्यक्रमहरु तथा विद्युत उत्पादन कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने प्रयास गरेको छ भने विदेशी सहायताबाट संचालन भएका आयोजनाहरुलाई पनि साधन र श्रोतलाई दृष्टिगत गरी प्राथमिकताक्रम छुट्याएर बजेट विनियोजन गरेको छ ।

**सम्माननीय सभामुख महोदय,**

१६ बजेट केवल वित्तीय साधनरको संकलन र बाँडफाँडको दस्तावेज मात्र होइन यो सरकारको नीति र कार्यक्रमलाई व्यक्त गर्ने दस्तावेज पनि हो । आठौं योजनाको दिगो आर्थिक विकास, गरीवी निवारण तथा क्षेत्रिय असन्तुलन कम गर्दै लैजाने उद्देश्यहरुले निर्देशित भएर नै आज सरकारका विभिन्न क्षेत्रगत विकास नीति र कार्यक्रमहरुको अवलम्बन र संचालन भइराखेको छ । यो बजेट र यसका प्राथमिकताहरु पनि समष्टिगत आर्थिक स्थायित्व, आर्थिक खुलापन, विकेन्द्रीत शासन व्यवस्थामा जोड, सामाजिक सेवाका क्षेत्रहरुमा ब्यापक लगानी तथा महिला विकास र जनसंख्या नियन्त्रण कार्यक्रमहरुको संयोजन द्धारा त्यहि बृहद उद्देश्यलाई हासिल गर्ने तर्फ लक्षित छ । यो बजेटको प्राथमिकताहरु कहिं नीतिगत प्रतिवद्धताका रुपमा उदघाटित भएका छन्, भने कहिं कार्यक्रमको रुपमा प्रतिविम्बित भएका छन् । कतिपय ठाउम यी प्राथमिकताारु विनियोजनको आकार र प्रकृतिमा समेत प्रतिविम्बित भएको छ ।

अब म प्रस्तुत बजेटमा अन्तरनिहित निम्न प्राथमिकताहरुबारे संसदलाई जानकारी गराउँद छु ।

(क) **समष्टिगत आर्थिक वातावरणमा स्थायित्व कायम गर्ने**

१७ यस बजेटमा समष्टिगत आर्थिक स्थायित्वका लागि बजेट घाटा कम गर्ने कार्यलाई प्रमुख प्राथमिकता दिएको छु । बजेट घाटा कम गर्न नसकेका अर्थतन्त्रमा मूल्य बृद्धिमा चाप पर्ने, निजी क्षेत्रलाई प्रवाह हुने कर्जामा सीमितता आउने र ब्याजदर बढने प्रबृत्ति देखापर्छ । यो स्वस्थ र गतिशील अर्थतन्त्रको लागि प्रत्यूत्पादक ठहर्छ । त्यसैले कठिन भए पनि आगामी आर्थिक बर्ष वित्तिय घाटालाई गार्हस्थ उत्पादनको ८.२ प्रतिशत र आन्तरिक कर्जा परिचालनलाई १.१४ प्रतिशत भित्र राख्ने प्रस्ताव गरेको छु ।

१८ आर्थिक विकासको गतिमा तीब्रता प्रदान गर्न पूँजीको कुशलतामा बृद्धि गर्नु पर्ने कुरामा मैले चालु बर्षको बजेटमा उल्लेख गरेको थिएँ । यसको लागि हामीले राष्ट्रिय लगानीको परिमाण तथा लगानीको प्रतिफल बृद्धि गरी थप आन्तरिक साधनको परिचालन गर्नुपर्ने हुन्छ । त्यसैले यो बजेटले यस क्षेत्रतर्फ आवश्यक नीतिगत कार्यक्रम समावेश गरेको छ ।

१९ वित्तीय सुधार गर्ने क्रममा उद्योगपति र लगानी कर्ताहरुलाई पूँजी प्रति सहज पहुँच पुऱ्याउने उद्देश्यले साविकको सेक्यूरिटी खरिद बिक्री केन्द्र लिमिटेड लाई नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा परिणत गराइएको र स्वस्थ एवं प्रतिस्पर्धात्मक धितोपत्र बजारको विकास गराउन धितोपत्र बोर्ड गठन गरिएको छ । परिवर्तित सन्दर्भमा कैयौ निजी कम्पनीहरुले स्टक या वण्ड जारी गरी बजारबाट पँजी परिचालन गर्ने योजना बनाइरहेका छन् । पूँजी बजारको विकासबाट बचतकर्ताहरुलाई पनि विविध प्रतिफल, जोखिम र भुक्तानी अवधिका कर्जा उपकरणहरु उपलब्ध हुन गै लगानी अवसरहरु मिल्ने र यसबाट अन्ततः राष्ट्रिय बचत दर नै उकास्न सहयोग पुग्ने ठान्दछु । त्यसैले आउँदा दिनहरुमा वित्तीय सुधारको क्रमलाई अझ व्यापक र प्रभावकारी बनाइने छ ।

२० नेपाल राष्ट्र बैंकले मुद्रा प्रदाय बृद्धिलाई लक्षित सीमा भित्र राख्ने प्रयासमा यस बर्ष अर्थ व्यवस्थामा रहेको अत्याधिक तरलता प्रशोचन गर्ने सिलसिलामा रु.४ अर्बको नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरेकोले मुद्रा प्रदायमा यसको अनुकूल असर परेको छ । आगामी बर्षमा पनि बैंकले आवश्यकता अनुसार तरलता प्रशोचन गर्न ऋणपत्र निष्काशन गर्नेछ ।

२१ वाणिज्य बैंकहरुले आफ्नो कुल निक्षेपको २२ प्रतिशत रकम श्री ५ को सरकारको ऋण पत्र, ट्रेजरी विल्स वा नेपाल राष्ट्र बैंक ऋण पत्रमा अनिवार्य रुपमा लगानी गर्नुपर्ने हालको व्यवस्थालाई नेपाल राष्ट्र बैंकले आगामी श्रावण १ गते देखि लागु हुने गरी खारेज गरेको छ । यसका साथै नेपाल राष्ट्र बैकले श्रावण १ गते देखि नै लागु हुने गरी वित्तीय संस्थाहरुबाट हाल, लिइ्ने आएको पूनकर्जाको ब्याज दरलाई १३ प्रतिशतबाट घटाई ११ प्रतिशत कायम गरेको छ । अनिवार्य तरलता व्यवस्थाको खारेजी र नेपाल राष्ट्र बैकले बैकदर २ प्रतिशत घटाउने परिप्रेक्ष्यमा वाणिज्य बैंकहरुबाट पनि आगामी आर्थिक बर्षको शुरु देखि नै हाल प्रचलित रहेको ब्याजदर २ प्रतिशत विन्दुले घटाउने व्यवस्था मिलाएको छु ।

२२ विदेशी विनिमय तर्फ हाल कायम रहेको चालु खाताको पूर्ण परिवर्त्यतालाई अझ बढी उदार बनाई पूँजी खाताको पूर्ण परिवर्त्य गराउने तर्फ आगामी बर्ष अध्ययन गरिनेछ । आफूले आर्जित गरेको विदेशी मुद्राको खाता नेपाल भित्र कुनै पनि बैंकमा सजिलै सित खाता खोल्न पाउने व्यवस्था गरिएको छ । पैठारी ब्यापारमा सरलीकरण र खुलापन गर्ने नीति अनुरुप हाल बोलकवोलमा रहेको ६ वस्तुहरुको आयात खुला गरेकोछु ।

२३ सरकारी संस्थाहरुको निजीकरण गर्ने क्रममा ३ वटा संस्थानहरुलाई निजीकरण गरिएको छ र आगामी बर्षमा ४ वटा संस्थानहरुलाई निजी क्षेत्रलाई हस्तान्तरण गर्नै प्रक्रिया पुरा गरिनेछ । अरु १० वटा संस्थानहरुको विस्तृत विश्लेषण गरी निजीकरणको प्रक्रिया थालनी गरिनेछ । निजीकरणको प्रक्रियामा उद्योगको उत्पादन विस्तार र रोजगारीमा बृद्धि गर्ने कार्य योजनालाई महत्व दिंदै कर्मचारी तथा श्रमिकहरुको हक हित्तको आवश्यक सुरक्षा गरिनेछ ।

२४ प्रशासन सुधार निरन्तर चलि रहने प्रकृया हो । उच्चस्तरीय प्रशासन सुधार आयोगको सुझावहरु क्रमशः कार्यान्वयन गर्दै लैजान प्रशासन सुधार अनुगमन समिति क्रियाशिल रहेको छ । यसै सन्दर्भमा श्री ५ को सरकारको केन्द्रीयस्तरका निकायहरुको संगठन र दरबन्दीलाई अन्तिम रुप दिई सकिएको छ भने निजामती सेवालाई मर्यादित र अनुशासित तथा कर्मचारीहरुको कार्यमूल्याकंन सहित बृत्ति विकासमा टेवा पुऱ्याउन नयाँ निजामति सेवा नियमावली छिट्टै लागु गरिनेछ ।

२५ राजश्व विकास तथा निर्माण सँग सम्बन्धित कार्यालयहरुमा आर्थिक अनियमितता नियन्त्रण गर्न संगठनात्मक र प्रकृयागत सुधारमा जोड दिइनेछ । आर्थिक नियममा हालै भएको संशोधन पछि विकास निर्माण कार्यमा गतिशीलता र जिम्मेवारी वहन गराउने प्रयासलाई निरन्तर अनुगमन गरिनेछ ।

२६ विकास आयोजनाहरु प्रभावकारी रुपमा समयमै सम्पन्न हुन सकेमा मात्र सर्वसाधारण जनतामा त्यसको सकारात्मक प्रभाव पर्न जाने हुन्छ । स्विकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमा नपुग्नु, समयमा ठेक्का सम्बन्धि सम्झौता नहुनु, कार्य संचालन निर्देशिकाको अभवमा कार्यमा विविधता आई अल्मलिने स्थिति रहनु आदि आयोजनाहरुको कार्यान्वयनमा महशूस गरिएका अवरोधहरु हुन् । आयोजनाहरुको प्रभावकारी कार्यान्वयनमा अनुभव गरिएका यस्ता अवरोधहरुको निराकरण गर्न चालू आर्थिक बर्षमा आर्थिक नियमहरुलाई स्पष्ट एवं व्यावहारिक तुल्याई बजेट निकासा पद्धतिलाई सरल बनाउने प्रकृयाहरुको थालनी गरिएको थियो । आगामी बर्ष उल्लिखित सुधारका कदमहरुलाई अझै ब्यापक र व्यावहारिक तुल्याइनेछ ।

- बैदेशिक सहायता अन्तर्गत संचालित आयोजनाहरुको कार्यान्वयनमा दातृ संस्थाहरुले प्रक्रियासमेत पूरा गर्नुपर्ने सन्दर्भमा सल्लाहकार सम्बन्धी नियुक्ती तथा ठेक्का बन्दोबस्त सम्बन्धि प्रारम्भिक कार्य सम्झौता सम्पन्न हुन अघि शुरु गरिएमा आयोजना कार्यान्वयन चाँडै अघि बढाउन सकिने हुनाले सम्झौता वार्ता हुनु अघि नै आयोजना प्रमुखको छनौट गरी सक्रिय रुपमा निजलाई आयोजनाको प्रारम्भिक अवस्था देखिनै संलग्न गराइनेछ । आगामी आर्थिक बर्ष देखि आयोजनाहरुको कार्यान्वयनमा ढिलाई हुन नदिन आर्थिक बर्षको पहिलो चौमासिक भित्रै डिजाइन इष्टिमेट तयार गरी टेण्डर सम्झौता सम्बन्धी कार्यहरु अनिवार्य रुपले पुरा गर्नु पर्ने व्यवस्था मिलाएको छु ।

- विकास आयोजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि बैदेशिक सहायताको अधिकाधिक उपयोग अति आवश्यक हुने हुँदा चालु बर्ष बैदेशिक सहायता प्राप्त केही आयोजनाहरुले नै इम्प्रेष्ट खाता संचालन गर्न पाउने व्यवस्था गरिएको थियो । यो व्यवस्थाको परिणाम उत्साहप्रद देखिएको हुँदा अन्य केही महत्वपूर्ण आयोजनाहरुमा पनि यो प्रक्रिया विस्तार गर्दै लगिने छ । साथै दातृ संस्थाबाट सिधै भुक्तानी हुने आयोजनाको खर्च गर्न सम्बन्धित मन्त्रालयको

सचिवलाई निकाशा दिने जिम्मेवारी सुम्पिनेछ । यस्तो व्यवस्थाबाट आयोजनाले विदेशी सहायताको उपयोगमा गतिशिलता आउने र समयमानै आयोजना सम्पन्न हुने देख्दछु ।

– दुर्गम क्षेत्रमा रहेका जिल्लाहरुमा भौगोलिक विकटता एवं भौतिक जटीलताको कारण सीमित समयमा मात्र आयोजना संचालन गर्न सकिने वास्तविकतालाई ध्यानमा राखी आगामी बर्षदेखि त्यस्ता जिल्लाहरुमा कायक्रमको स्वीकृति हुनासाथै प्रथम तथा दोश्रो चौमासिक रकम एकैपटक निकासा दिने व्यवस्था मिलाइनेछ ।

(ख) **आर्थिक खुलापन र उदारीकरण प्रकृयालाई निरन्तरता प्रदान गर्दै अगाडि बढाउने**

२७ आर्थिक उदारीकरण एक प्रकृया हो र यसलाई निरन्तरता दिन सकिएन र पूर्णता तर्फ लैंजान सकिएन भने यसबाट अपेक्षाकृत लाभ हासिल हुन्न अर्को तर्फ समायोजन अवधि पनि जतिसक्यो छोटो र प्रभावकारी पार्न आवश्यक छ । त्यसैले उद्योग वाणिज्य तथा वित्तीय क्षेत्रमा गरिदै आएको सुधार कार्यहरुलाई अरु तीब्र गर्दै आगामी बर्ष कृषि तथा ग्रामीण क्षेत्रमा प्राथमिकताका साथ उदार नीतिलाई अवलम्बन गरिनेछ ।

– हामीले कृषिलाई प्राथमिकता दिंदै आएको भएतापनि यस क्षेत्रमा खासगरी निजी क्षेत्रबाट पूँजी निर्माण भएको छैन । यो कमीलाई सरकारी स्तरबाट पनि पूर्ति गर्न सकिएको छैन । आर्थिक उदार नीतिले पनि रासायनिक मल बाहेक कृषिको अन्य क्षेत्रलाई समेटेको छैन । कृषि सामग्रीको मूल्य क्रमशः खुला गर्दै लाने हाम्रो नीतिले स्वभावतः कृषकको उत्पादन लागत बढ्न गएको छ तर सोही अनुपातमा कृषि उपजको मूल्य बृद्धि भएको छैन । कृषि क्षेत्रमा आय बृद्धि र रोजगारीका अवसरहरु छन् तर ती अवसरहरुको राम्रोसँग उपयोग हुन सकिरहेको छैन । हाम्रो कृषि उत्पादकत्व दक्षिण एशिया मै निम्न रहेको छ । यस स्थितिमा परिवर्तन ल्याउन कृषि क्षेत्रमा ब्यापक सुधार र सुदृढीकरणको खाँचो देख्दछु । यस सन्दर्भमा कृषि क्षेत्रको व्यवसायीकरण र विविधिकरण गर्नु प्रभावी विकल्प देखिन्छ ।

– प्रस्तावित सुधार कार्यक्रम अन्तर्गत किसानहरुलाई संस्थागत कृषि कर्जाको उपलब्धता बढाउने, उत्पादन बृद्धि गरी कृषि उपजको निर्यात ब्यापार क्रमिक रुपले खुला गरिने, रासायनिक मलको विक्री मूल्य माग र आपूर्तिको आधारमा निर्धारण गरिने, मलको आयात र विक्री वितरणमा निजी क्षेत्रको सहभागिता बढाउन आवश्यक कर्जा र गोदाम सुविधा उपलब्ध गराउने, स–साना र मझौला सिंचाई आयोजनाहरु उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने र ठूला आयोजनाहरु उपभोक्ता समूहको संयुक्त व्यवस्थापनमा संचालन गर्ने, बजार जोड्ने ग्रामीण सडक जस्ता पूर्वाधारमा लगानी बढाउने, कृषि अनुसन्धान र प्रसारमा निजी क्षेत्र संलग्न हुन चाहेमा खासगरी नगदेवालीको विकास र व्यवस्थापनमा प्रोत्साहित गरिने नीति लिइनेछ । कुन कुन क्षेत्रमा सरकारी संलग्नता आवश्यक र प्रभावकारी हुन्छ र हस्तक्षेप कहाँ र कसरी गर्ने भन्ने बारे एक दीर्घकालीन कृषि कार्य योजना तयार गर्ने कार्य भइरहेको छ । यी सुधारात्मक कदमहरुबाट कृषि क्षेत्रमा निजी क्षेत्रको पूँजी आकर्षित हुने, उत्पादकत्वमा बृद्धि आउने र कृषिजन्य उद्योगहरुको ब्यापक रुपमा थालनी हुने विश्वास लिएको छु । यस परिवर्तनबाट साना किसानले पूर्ण लाभ लिन सकुन् भन्ने उद्देश्यले तथा कृषकहरुले विकल्प रहित अवस्थामा आफ्नो उपज मध्यस्थहरुलाई कम मूल्यमा बेच्नु पर्ने वाध्यतबाट बचाउन सहकारी संस्था र स्थानीय निकायहरुलाई कृषि उपज संचयका लागि गोदामघर निर्माण गर्ने जस्ता सामूहिक कार्य संचालन गर्न प्रात्साहित गरिनेछ । यसका निम्ति कर्जा प्रवाह गर्ने विशेष कार्यक्रम बैंकहरुले संचालन गर्नेछन् ।

(ग) **विकेन्द्रीकरणको माध्यमद्धारा स्वस्फूर्त र टिकाउ ग्रामीण विकासलाई बढावा दिने**

२८ विकेन्द्रीकरणको वास्तविक अर्थ स्थानीय तहसम्म अधिकारहरुको प्रत्यायोजन तथा साधनहरुमा यी निकायहरुलाई आत्मनिर्भर तुल्याउनु हो । विकेन्द्रकिरणलाई स्थानीय निकायहरुमा केवल प्रशासनिक अधिकार हस्तान्तरण गर्ने सीमित प्रकृयाको रुपमा मात्र हेरिन हुन्न । हाम्रो उद्देश्य स्थानीय तहका निकायहरुलाई सरकारी अनुदान खर्च गर्ने इकाइको रुपमा मात्र विकास गर्ने नभई तिनलाई साँचो अर्थमा साधन र श्रोतका सन्दर्भमा अधिकार सम्पन्न तुल्याउने, तिनको नेतृत्व क्षमता र कार्य निपुणता बढाउने हो । यसका लागि प्रशासनिक अधिकार, स्थानीय श्रोत परिचालनको अधिकार, श्रोत साधन उपयोगको अधिकार र व्यवस्थापनको अधिकार सन्तुलित किसिमले क्रमशः विकेन्द्रीत गरिनेछ । केन्द्रको संलग्नता ठूला आयोजना र क्षेत्रीय प्रकृतिका आयोजनाहरु संचालनमा मात्र सीमित गर्ने र बााकी स्थानीय कार्यहरु जिल्ला/गाउँ विकास समिति, गैर सरकारी निकाय र निजी क्षेत्रबाट नै संचालित गर्ने गराउने नीति लिइनेछ ।

(घ) **शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सेवाहरुमा सर्वसाधारण नेपालीको पहुँच पुऱ्याउन तीनको विकास र विस्तारमा सरकारी क्षेत्रले ठोस योगदान पुऱ्याउने ।**

२९ देश विकासमा शिक्षा , स्वास्थ्य क्षेत्रको अहम भूमिका हुने स्वतः सिद्ध भएपनि आर्थिक सुधार गर्ने क्रममा यसले विशेष महत्व राख्दछ । गतिशील र प्रतिस्पर्धी अर्थ व्यवस्थामा सीप र कार्यकौसलको कदर हुन्छ र विविध सीप भएका दक्ष जनशक्तिको माग बढ्छ । सो माग सहज ढंगले पूर्ति गर्न त्यसबाट पूण लाभ लिन सकिन्छ । धेरै जसो विकासशील देशमा दक्ष

जनशक्तिको अभाव नै सुधार प्रक्रियाको प्रमुख अवरोधको रुपमा देखा पर्छ । त्यसैले हामीले मानव संसाधनको विकास र स्वस्थ र सक्षम जनशक्ति उत्पादन कार्यमा विशेष जोड दिन आवश्यक छ। विकासको प्रारंभिक चरणमा प्राथमिक शिक्षा र प्रतिरोधात्मक स्वास्थ्य सेवाको विस्तारको महत्व निर्विवाद छ र सरकारी सक्रीय सहभागितामा मात्र यस्ता सामाजिक सेवाहरुलाई आमजनताको पहुँच सजिलोसँग पुग्न सकेन भने जनताको सहभागितायुक्त प्रजातन्त्र र विकास प्रकृयाको अवधारणा खोक्रो र निरर्थक हुनेछ । वस्तुतः जनता विकासको प्रतिफल पर्खेर बस्ने निस्कृय शक्ति वा आवधिक निर्वाचनको उदासिन सहभागि होइनन् । आफ्ना प्रजातान्त्रिक अधिकारलाई दावी गर्ने र विकास प्रकृयाको सकृय सहभागि हुन । जनताको यो भूमिका स्थापित गर्न शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरुमा उनीहरुको पहुँच पुऱ्याउनु अनिवार्य हुन्छ । यही तथ्यलाई मध्यनजर राखी सरकारी क्षेत्रले आधारभूत स्वास्थ्य र शिक्षा, खानेपानी जस्ता क्षेत्रहरुमा विशेष योगदान पुऱ्याउने छ । निजी क्षेत्रमा पनि अस्पताल, क्याम्पस, व्यवसायक प्रशिषण केन्द्रहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

(ङ) **शहरी वातावरण, महिला विकास, परिवार नियोजन जस्ता बिषयहरुमा विशेष कार्यक्रम संचालन गर्ने**

३० जनसंख्या बृद्धि हाम्रो विकास प्रयास र गरीवी निवारण गर्ने लक्ष प्राप्तीको प्रमुख बाधकको रुपमा देखा परेको छ । यसले वातावरणीय समस्यालाई पनि जटील तुल्याइदिएको छ । वस्तुतः हाम्रो वातावरणीय समस्याको मूलकारण गरीवी र बढ्दो जनसंख्या बृद्धि नै हो । यसरी गरीवी,वातावरणीय समस्या, जनसंख्या बृद्धिदर एक अर्कासँग जेलिएर रहेका छन् । विकासोन्मुख मुलुकहरुमा जनसंख्या नियन्त्रणको प्रभावकारी उपाय महिला जागरण रहेको तथ्य निर्विवाद छ । त्यसैले आगामी बर्ष जनसंख्या नियन्त्रण, महिला विकास र वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु एक अर्कोका परिपुरकको रुपमा प्रभावकारी ढंगले संचालन गरिनेछन् ।

**आर्थिक बर्ष २०५०।५१ को व्यय अनुमान**

३१ आर्थिक बर्ष २०५०।५१ को लागि विनियोजन प्रस्ताव गर्दा मैले माथि उल्लेख गरेको प्राथमिकताहरुलाई मार्गदर्शक सिद्धान्तको रुपमा लिएको छु । यस बजेटका कार्यान्वयनबाट विकासका आर्थिक तथा सामाजिक पूर्वाधारहरु खडा गर्दै जान र गतिशील आर्थिक विकासको आधारलाई अझबलियो पारी आर्थिक विकासमा तीब्रता ल्याउन, गरीवी क्रमशः निरुपण गर्न ठोस योगदान हुने विश्वास लिएकोछु ।

३२ आर्थिक बर्ष २०५०।५१ को विनियोजन प्रस्ताव गर्दा साधनको उपलब्धता, साधन उपयोग गर्ने क्षमता र हाम्रा प्राथमिकताहरु बीच सामन्जस्य कायम गर्ने प्रयास गरेको छु । फलस्वरुप आगामी बर्ष पूरा हुने आयोजनाहरु, राष्ट्रिय महत्वका आयोजनाहरु, सामाजिक सेवाका क्षेत्रहरु, ग्रामीण क्षेत्र किासमा टेवा पुऱ्याउने कार्यक्रमहरुलाई प्राथमिकताका दिई बजेट विनियोजन गर्ने प्रस्ताव गरेको छु ।

३३ आर्थिक बर्ष २०५०।५१ को लागि मैले जम्मा रु.३५ अर्ब १ करोड ३९ लाख ७८ हजारको खर्च प्रस्ताव गरेको छु । यो प्रस्ताव आर्थिक बर्ष २०४९।५० को तुलनामा ५.७ प्रतिशतले बढी छ । प्रस्तावित खर्च मध्ये साधारण तर्फ रु.१२ अर्ब ८८ करोड ८० लाख ४९ हजार र विकास तर्फ रु.२२ अर्ब ६२ करोड ५९ लाख २९ हजार खर्च गर्न प्रस्ताव गरेको छु । शीर्षकगत खर्चको विस्तृत विवरण अनुसूची ४ र ५ तथा व्यय विवरणको किताबमा प्रस्तत् गरेको छु ।

अब साधारण तर्फ र विकास बजेटबाट हुने मुख्य मुख्य खर्चहरु र तिनमा प्रस्ताव गरिएको बजेट तथा कार्यक्रम संक्षेपमा यहाँ उल्लेख गर्दछु ।

३४ साधारणतर्फ विनियोजन गर्दा मितव्ययिता तर्फ ध्यान दिएको छु । तथापि सालसालै बढ्दै गएको साँवा ब्याज भुक्तानी, कर्मचारीहरुको तलब,भत्ता, पेन्सन, निवृत्तिभरण जस्ता अपरिहार्य खर्चहरु र देशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न नेपाल प्रहरीलाई सक्षम पार्दै लानु पर्ने आवश्यकताका कारण साधारण खर्चमा बृद्धि भएको छ । साधारण खर्चमा बृद्धिका अन्य कारणहरुमा शिक्षा, स्वास्थ्य, रक्षा, बैदेशिक सेवा, अदालत, संसदको खर्चमा बृद्धि पनि हो ।

३५ साधारण बजेट आर्थिक बर्ष २०४९।५० को तुलनामा रु.८८ करोड ८१ लाख ५९ हजार ले बढेको छ । यस मध्ये साँव ब्याज भुक्तानीका लागि चालु बर्ष रु.४ अर्ब ३६ करोड ५ लाख छुट्याइएकोमा आर्थिक बर्ष २०५०।५१ को लागि रु.४ अर्ब ८५ करोड ६८ लाख ६८ हजार छुट्याएको छु । यो रकम कुल साधारण बजेटको ३७.७ प्रतिशत हुन आउँछ । शिक्षा तर्फ ७.४५ प्रतिशत र स्वास्थ्य तर्फ १२ प्रतिशतले विनियोजन बृद्धि गरेको छु । बैदेशिक सेवातर्फ नेपाली मुद्रा र परिवर्त्य विदेशी मुद्रा बीच चालु खातामा पूर्ण परिवर्त्यता कायम भएकोले ७.१ प्रतिशत खर्चमा बृद्धि हुने भएको छ । शाही नेपाली सेनातर्फ रु.१ अर्ब ८७ करोड १९ लाख र नेपाल प्रहरी र्त रु.१ अर्ब ५० करोड ४४ लाख प्रस्ताव गरेको छु । साधारण तर्फ कुल प्रस्तावित खर्च मध्ये पूँजीगत खर्च ३.४ प्रतिशत हुने अनुमान गरिएको छ ।

३६ आर्थिक बर्ष २०५०।५१ का लागि विकास खर्च ४.७७ प्रतिशतले बृद्धि गरेको छु । कुल विकास खर्च मध्ये ६७.७ प्रतिशत पूँजीगत खर्च हुने अनुमान छ । विकास खर्चको विनियोजनमा राजश्व बचतको स्थिति र वाह्य श्रोत परिचालनको सम्भावनालाई यथार्थपरक मूल्याकंन गरी बजेट घाटालाई सकेसम्म न्यून राख्ने प्रयास गरेको छु । आगमी बर्ष देखि अरुण तेश्रो जलविद्युत आयोजनाको पूर्वाधार निर्माणको कार्य शुरु गर्ने कार्यक्रम भएको र यस आयोनजाको लागि आगमी बर्षहरुमा

ठूलो लगानी गर्नुपर्ने परिप्रेक्ष्यमा देशको समग्र आर्थिक स्थितिलाई सन्तुलित राख्न र यस आयोजना कार्यान्वयनको लागि आवश्यक खर्च सामाजिक सेवाका विभिन्न क्षेत्रहरुको अंश कटौती नहुने गरी जुटाउनु पर्ने परिप्रेक्ष्यमा आयोजनाहरुलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गरेको छु । यसो गर्दा आगामी बर्ष सम्पन्न हुन सक्ने आयोजनाहरुलाई पहिलो प्राथमिकता दिई भरखरै मात्र प्रारम्भिक काम शुरु भएका , तर ठूलो लगानी आवश्यक पर्ने आयोजनाहरुमा क्रमशः बजेट बढाउँदै लाने गरी विनियोजन गरेको छु । त्यस्तै अनुदान तर्फ मितव्ययिता अपनाउने प्रयत्न भएको छ । नयाँ आयोजनाहरु सकेसम्म समावेश नगर्ने प्रयत्न गरिएको छ । यसबाहेक बजेट विनियोजनमा शिक्षा, स्वास्थ्य, पिउने पानी, जस्ता सामाजिक सेवाक क्षेत्रहरुका बजेट बृद्धि गरेको छु ।

३७ देशमा विद्यमान व्यापक गरीवी,रोग र अशिक्षा जस्ता समस्या निदान गर्न शिक्षा, स्वास्थ्य सेवा र खानेपानीको सुविधा विस्तार गर्ने र रोजगारी र आय आर्जनको अवसर बढाउने नेपाली काँग्रेसको सरकारको प्रतिवद्धता अनुरुप माध्यमिक शिक्षाका क्षेत्रमा २०४८।४९ को शैक्षिक सत्रदेखि कक्षा ६ सममको शिक्षा निःशुल्क गरिएको थियो । नेपाली काँग्रेस सरकारको प्रतिवद्धता अनुरुप आर्थिक बर्ष २०५०।५१ को सत्र देखि कक्षा ७ सम्मको शिक्षा पनि निःशुल्क गरिएको छ । साथै गाउँ घरको प्राथमिक विद्यालयहरु ज्यादै नाजुक अवस्थामा रहेकोले अधिराज्यका विभिन्न जिल्लाहरुमा प्राथमिक विद्यालयहरुको भौतिक सुविधा सुधार गर्ने कार्यक्रममा तीब्रता ल्याइनेछ । यसरी आधारभूत तथा प्राथमिक शिक्षाको लागि रु.२ अर्ब २७ करोडको बजेट व्यवथा गरेको छु । त्यस्तै महिला साक्षरता कम रहेको एवं छात्राहरुलाई दिँदै आएको छात्रवृत्तिको व्यवस्था र कक्षा १ देखि ५ मा छात्राहरुलाई दिँदै आएको निःशुल्क पाठ्य पुस्तक उपलब्ध गराउने व्यवस्था कायमै राखेको छु ।

३८ स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरिएको छ । ग्रामीणस्तरमा स्वास्थ्य सेवा पुऱ्यान ६०० नयाँ स्वास्थ्य उपचकौकीहरु स्थापना र यस बर्ष स्थापना भएका स्वास्थ्य उपचौकीहरुको संचालनको लागि ७३ प्रतिशत बजेट बृद्धि गरी रु.८ करोड ३५ लाख विनियोजन गरेको छु । बालकालिकाहरुको स्वास्थ्य सुधार गरी बाल मृत्युदरलाई घटाउन आवश्यक विस्तारित खोप कार्यक्रममा ५७.८ प्रतिशत बजेट बृद्धि गरी रु.१२ करोड ३२ लाख विनियोजन गरेको छु । स्वास्थ्य सेवामा महिलाहरुको सहभागितालाई प्रभावकारी रुपमा परिचालन गर्न महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई रु.३ करोड ९५ लाख विनियोजन गर्ने प्रस्ताव गरेको छु । अस्पताल र स्वास्थ्य चौकीहरुको निर्माण सुधारको लागि रु.५ करोड ५१ लाख विनियोजन गरेको छु । राष्ट्रियस्तरका स्पतालहरुको बैशिष्टतामा बृद्धि गरी तथा साधन सम्पन्न गर नेपाली जनताले स्वदेशमै उपचार गर्न पाउने तुल्याउन यस्ता अस्पतालहरुलाई जाने अनुदानमा उल्लेखनीय बृद्धि गरेको छु । स्वास्थ्य क्षेत्र तर्फ रु.९३ करोड १४ लाखको व्यवस्था गरेको छु ।

३९ आगामी आर्थिक बर्ष पिउने पानीतर्फ रु.१ अर्ब ३८ करोड २० लाख छुट्याउने प्रस्ताव गरेको छु । खानेपानी आयोजनाको छनौट, कार्यान्वयन र मर्मत सम्भार एवं संचालनमा जनसहभागिता परिचालन गर्ने नीति कायमै राखी ग्रामीण क्षेत्रको खानेपानीको समस्या समाधान गर्न जोड दिएको छु । यसै सिलसिलामा आगामी बर्ष ५१ वटा खानेपानी आयोजनाहरु उपभोक्ता समूहलाई हस्तान्तरण गरिने छन् । ग्रामीण खानेपानी तर्फ आगामी बर्ष पाइप प्रणाली र स्यालो ट्यूववेल गरी ५९७५ वटा खानेपानी आयोजनाहरु पुरा भै ९ लाख ८७ हजार थप जनसंख्या तत्काल लाभान्वित हुने छन् । काठमाडौंको खानेपानी समस्या सुल्झाउनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु । ग्रामीण क्षेत्रमा खानेपानी व्यवस्थाको निम्ति पनि प्रत्येक गाउँ विकास समितिका लागि दिँदै आएको रु.१५,०००।– अनुदान रकम कायमै राखी पहाडी जिल्लाहरुका प्रत्येक गाउँ विकास समितिलाई रु.५०००।– थप गरी रु.२०,०००।– अनुदान दिने व्यवस्था गरेको छु ।

४० अधिकांश ग्रामीण क्षेत्र रहेको हाम्रो देशमा ग्रामीण क्षेत्रको विकास विना देश विकासको अभियान अपूरो रहने छ । तर सीमित साधन र श्रोतलाई विना प्राथमिकता, विना आयोजनाको पहिचान र विना सम्भाव्यता, साधन अंशवण्डा गर्ने प्रकृयाले भने साधनको दुरुपयोग मात्र हुन जान्छ । त्यसैले स्थानीय निकायहरुको प्राविधिक क्षमताको विस्तार गरी यी निकायहरुलाई आयोजना पहिचान, तर्जुमा , साधनको बाँडफाँड, योजना कार्यान्वयन र संचालनमा सक्षम तुल्याउन सरकारले प्राविधिक शाखाको व्यवस्थाको साथै दक्ष जनशक्ति तयार पार्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने व्यवस्था मिलाएको छ ।

४१ दुर्गम क्षेत्रको जिल्लाहरुले आफ्नो विकास प्रयासमा बढी साधन र श्रोतको अपेक्षा गर्नु न्यायोचित नै हुन्छ । यसै परिप्रेक्षमा दुर्गम क्षेत्रमा गोरेटो, घोडेटो, खानेपानी, लघु जल विद्युत लगायत अन्य विकास निर्माणका कामहरु तीब्रता ल्याई त्यहाँको जीवन स्तरलाईकेही हदसम्म भएपनि सजिलो पार्न मैले गत बर्षको तुलनामा ८१ प्रयतिशत विनियोजन बृद्धि गरी रु.५ करोड ३२ लाख छुट्याउको छु । यसका अतिरिक्त दुर्गम क्षेत्रका विभिन्न जिल्लाहरुमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न स–साना होटेल लज जस्ता पर्यटन विकास व्यवसायलार्य वाणिज्य बैंकहरुद्वारा विशेष कार्यक्रम अन्तर्गत कर्जा प्रवाह गरिनेछ । त्यस्तै गुम्बा व्यवस्था तथा विकासका लागि आश्यक रकम विनियोजन गरेको छु । साथै प्रजाजाति लगायत पिछडिएका अन्य आदिबासी जातिहरुको सामाजिक पुनरुत्थान र आर्थिक स्तरमा बृद्धिका लागि पनि बजेटको व्यवस्था गरेको छु ।

४२ जिल्ला स्तरीय सडकहरुलाई विनियोजन गरिएको रकम चालु आर्थिक बर्षदेखि नै अनुदानको रुपमा जिल्ला विकास समितिलाई उपलब्ध गराउने नीति सरकारले लिएको छ । यसरी जिल्ला विकास समितिले आउँदो बर्षमा समेत जिलालस्तरीय सडकलाई विनियोजन भएको रकम उपयोग गर्न पाउने भै जिल्लामा साधनको उपलब्धता बढ्ने छ । त्यस्तै ग्रामीण खानेपानीलाई दिँदै

आएको अनुदान पनि विकास अनुदानमा समावेश गरेको छ । यसरी केन्द्रबाट स्थानीय निकायहरुलाई विकास अनुदानको रुपमा जाने रकममा ८०.१ प्रतिशतले बृद्धि भएको छ । यस बाहेक आगामी आर्थिक बर्षदेखि नै मालपोतबाट उठेको रकमको ७५ प्रतिशत रकम जिल्ला विकास समिति कोष मै सिधै जाने व्यवस्था गरेको छु ।

४३ वेरोजगारी र गरीवी निवारण गर्न समय, साधन र शीपको सम्मिश्रण गर्ने उद्देश्यले मैले यस बजेटमा ग्रामीण तथा घरेलु व्यवसायको विकासको लागि विशेष जोड दिएको छु । त्यसै अनुरुप ग्रामीण तथा घरेलु उद्योगमा श्रमजीवीहरुलाई विभिन्न रोजगारी र सीपमूलक तालीम र प्राविधिक सहायता पुऱ्याई ग्रामीण जनशक्तिको शीप विकास गर्न घरेलु उद्योग कार्यक्रमहरुलाई रु.१० करोड १६ लाख बजेट व्यवस्था गरेको छु । यसका अतिरिक्त बाणिज्य बैंक, कृषि विकास बैंक, ग्रामीण स्वावलम्बन कोष, ग्रामीण विकास बैंकहरुबाट कर्जामा स–साना व्यवसायीहरुको सजिलैसँग पहुँच हुने व्यवस्था मिलाएको छु ।

४४ ग्रामीण विकासलाई तीब्ररुपमा अगाडि बढाउन जनसंख्याको आधा भाग रहेको महिला शक्तिलाई सक्रिय सहभागी गराउन अनिवार्य हुन्छ । यसै उद्देश्य प्राप्तीका लागि संचालित महिला विकास कार्यक्रमलाई ४९ जिल्लाबाट ६४ जिल्लामा विस्तार गरिएको छ । शीप विकास, स्व–रोजगार, शिक्षा, स्वास्थ्य, कृषि, सामुदायिक विकास जस्ता कार्यक्रमहरु एकिकृत रुपमा संचालन गरी महिला जागरण आत्मनिर्भरता बढाउने यस कार्यक्रमलाई बैंक कर्जा कार्यक्रम तथा गैर सरकारी संस्थाहरु सित समेत समन्वय गरिएको छ । यस कार्यक्रमका लागि आर्थिक बर्ष २०५०।५१ मा रु.८ करोड ३२ लाख विनियोजन प्रस्ताव गरेको छु जुन चालु आर्थिक बर्षको तुलनामा ४१.९ प्रतिशतले बढी छ । यसबाहेक ग्रामीण महिला उत्पादन कर्जाको लागि रु.६० लाख छुट्याएको छु । यसका साथै महिलाहरुको लागि लघु कर्जा कार्यक्रमको समेत व्यवस्था गरेको छु । श्रम जिवी महिला शीप विकास तथा तालिम कार्यक्रमलाई रु.२२ लाखको व्यवस्था पनि गरेको छु ।

४५ ग्रामीण क्षेत्रमा संचालन भएका साना कृषि व्यवसाय, उत्पादन एवं आयमूलक रोजगारीहरुमा रु.५०००।– को ऋण रकमसम्म दिंदै आएको ८० प्रतिशत ब्याज अनुदान र साना किसान विकास आयोजना, सघन बैकिङ्ग कार्यक्रम तथा ग्रामीण महिला विकास कार्यक्रमहरु अन्तर्गत रु.१५,०००।– को ऋणसम्म दिंदै आएको एक तिहाई ब्याज अनुदान यथावत राखेको छु ।

४६ अधिकांश जनताको जिविकाको श्रोतको रुपमा रहेको कृषि क्षेत्रले ग्रामीण विकासको सन्दर्भमा अग्रणी स्थान राख्दछ । त्यसैले कृषि विकासका लागि उपयुक्त र प्रभावकारी कृषि प्रसार व्यवस्था, कर्जा रासायनिक मलखान, उन्नत विउको व्यवस्था गर्ने कार्यक्रम आगामी बर्षको बजेटमा समावेश गरेको छु । कृषि पेशको विविधिकरण र व्यवसायीकरण गर्दै लग्ने नीति अनुरुप औद्योगिक बाली, पशु विकास, बागवानी, मत्स्यपालन, रेशमखेती जस्ता व्यवसायको विकासमा जोड दिने गरी स्थानीय कृषकहरुलाई नै अगुवा कृषकहरुको रुपमा विकास गर्दै लग्न आवश्यक श्रोत, सामग्री र प्रविधिक सेवा पुऱ्याउने व्यवस्था मिलाइनेछ । कृषि प्रसार कार्यका लागि स्थानीय स्तरमा कृषकलाई नै प्रविधि प्रसारको सशक्त माध्यमको रुपमा विकास गर्दै लग्ने व्यवस्था गरिनेछ । रसायनिक मलखादको आपूर्ति र वितरणमा निजीक्षेत्रको सहभागिता बढाउदै लगि आपूर्तिलाई सरल र सुलभ तुल्याउन प्रतिस्पर्धात्मक बजारको सृजना गरिनेछ । रासायनिक मलखादको आपूर्तिका लागि सरकारले दिंदै आएको अनुदान आगामी बर्ष रु.३५ करोड हुने गरी प्रस्ताव गरेको छु ।

४७ कृषि उत्पादन बृद्धिका लागि कृषकहरुलाई आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्था गर्न कृषि ऋणको प्रवाहलाई बृद्धि गर्दै लग्ने सिसिलामा रु.६६ करोड र साना किसान विकासमा रु.४० करोड कृषि विकास बैंकलाई ऋण लगानी स्वरुप उपलब्ध गराउन प्रसताव गरेको छु । त्यस्तै कृषि विकास बैंकको पूँजी बृद्धि गर्न रु.१० करोड ९० लाख विनियोजन गरेको छु । कृषि विकास बैकको पूँजीमा भएको यो बृद्धिसँगै बैकले कृषि विकासको लागि प्रवाहित गर्ने कुल कृषि कर्जामा चालु बर्षको तुलनामा २८.५ प्रतिशतले बृद्धि गरी रु.२ अर्ब २५ करोड पुऱ्याउने व्यवस्था मिलाएको छु ।

४८ कृषि क्षेत्रको मौसम माथिको निर्भरता कम गर्दै लैजाने उद्देश्यले सिंचाई सुविधाको विस्तार क्रमशः गर्दै लगन आवश्यक कार्यक्रमहरु समावेश गरेको छु । यस कार्यक्रमबाट आगामी बर्ष थप ७७,५०० हेक्टरमा सिंचाई सुविधा पुग्ने छ । सिंचाई विकासका लागि उपभोक्ता कृषकहरुलाई नै योजना छनौट र तर्जुमा देखि कार्यन्वयन र संचालन अवस्था सम्म सक्रियरुपमा संलग्न गर्दै कृषकहरुद्धारा संचालित सिंचाई आयोजनाहरु सुदृढ गर्ने तथा कृषकहरुको सहभागितामा साना तथा मध्यम खालका सिंचाई आयोजनाहरु संचालन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु । सुनसरी, मोरङ्ग, बागमती, भैरहवा, लुम्बिनी, महाकाली जस्ता महत्वपूर्ण सिंचाई आयोजनाहरुको कार्यान्वयनमा तीब्रता ल्याई समयमा सम्पन्न गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेको छु । सम्पन्न आयोजनाहरुको मर्मत सुधारका लागि रु.१० करोड बजेट व्यवस्था गरेको छु । सिंचाईको निमित्त रु.२ अर्ब ४० करोड ५९ लाखको बजेट छुट्याएको छु ।

४९ चालु बर्ष कृषकहरुले आफ्नै खर्चमा निर्माण गरेको सिंचाई सुविधामा कृषि विकास बैंक मार्फत दिंदै आएको पूँजीगत अनुदान निकै प्रभावकारी भएको छ । आगमी बर्ष यस कार्यक्रमबाट बढी भन्दा बढी कृषकहरु लाभान्वित गराउने उद्देश्यले सिंचाई पूँजीगत अनुदानका लागि रु.३ करोडको थप व्यवस्था गरी रु.७ करोड पुऱ्याएको छु । यसबाट थप १६ हजार ६०० हेक्टरमा सिंचाई सुविधा पुग्ने अनुमान गरिएको छ । सिंचाई सुविधामा व्यापक विस्तार गरी किसानहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले आगामी आर्थिक बर्ष कृषि विकास बैंकले १०,००० थान पम्पिङ्ग सेट अधिराज्य भरी सहुलियतपूर्ण मूल्यमा वितरण गर्ने विशेष कार्यक्रम संचालन गर्नेछ ।

५० ग्रामीण क्षेत्रमा किसानहरुले भोगि राखेको विद्युत र उर्जाको विद्यमान समस्या समाधान गर्न बैकल्पिक उपायहरु कार्यान्वयन गर्न आगामी बर्षका लागि विशेष जोड दिएको छु। ग्रामीण क्षेत्रमा विद्युत र उर्जाको आपूर्तिका लागि बैकल्पिक श्रोतका रुपमा लघु जल विद्युत आयोजना र गोबर ग्याँस उत्पादनलाई दिँदै आएको अनुदानका लागि छुट्याइएको रकममा बृद्धि गरी रु७ करोड ५० लाख विनियोजन गरेको छु। गोबर ग्याँस प्लाण्टको स्थापनाका लागि तराई क्षेत्रमा रु.७ हजार तथा पहाडी क्षेत्रमा रु. १० हजार सम्म दिदै आएको पूँजीगत अनुदान कायमै राखी नेपाल गोबर ग्याँस कम्पनी तथा निजी कम्पनीहरुले समेत गोबर ग्याँस प्लाण्ट जडान गर्न पाउने व्यवस्थालाई प्रभावकारी बनाउने निर्देशन कृषि विकास बैंकलाई दिइएको छ। यसबाट थप २५० किलोवाट विद्युत र ७५०० गोबर ग्याँस प्लाण्ट स्थापना हुने अनुमान छ।

५१ बन क्षेत्रको चिरस्थायी संरक्षण र विकासका लागि समुदायमा आधारित बन विकास कार्यक्रम सामुदायिक व्यवस्थापनबाटै बन पैदावारको माग र आपूर्ति बीच सामन्जयता कायम गराई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। साथै बन क्षेत्रबाट आयमूलक रोजगारी प्रवर्द्धन गर्नकबुलियती बन विकासको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु। भू–तथा जलाधार संरक्षण कार्यमा कृषि र सिंचाई कार्यक्रमसित समन्वय राखी एकिकृत भू तथा जलाधार संरक्षण कार्यक्रम स्थानीय जनसहभागिताको आधारमा संचालन गरिने छ। यसका लागि आकस्मिक भूंक्षय नियन्त्रणका लागि बजेटमा केही रकमको व्यवस्था गरेको छु। बन क्षेत्र भित्र ढलेर बसेका रुखहरुको उपयुक्त व्यवस्थापन गरी राजश्व आर्जन गर्न पनि केही बजेट व्यवस्था गरेको छु।

५२ विद्युत आपूर्तिको समस्याले गार्हस्थ जिवनलाई कठिन र औद्योगिक उत्पादनलाई नकारात्मक प्रभाव पारेको छ। यस स्थितिमा सुधार ल्याउन आगामी आथिक बर्षमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरु अवलम्बन गर्न बजेट व्यवस्था गरेको छु। स्थापना भएका जलविद्युत आयोजनाहरु र डिजेल प्लाण्टहरुको मर्मत सम्भार, सुदृढीकरण र पूनरुद्धार गरी पूर्ण क्षमतामा संचालन गर्ने गरी विद्युत आपूर्तिमा अल्पकालीन सुधार गर्ने व्यवस्था मिलाएको छु। आगामी बर्षमा झिमरुक जलविद्युत आयोजना सम्पन्न हुने लक्ष राखिएको छ भने काली गण्डकी “ए” को विस्तृत अध्ययन सम्पन्न हुनेछ। मध्यकालीन उपायहरु तर्फ खिम्ति, कालीगण्डकी जसता मध्यम स्तरका आयोजनाहरु मध्ये खिम्ति जलविद्युत आयोजना निजीक्षेत्रको सहभागितामा निर्माण कार्यशुरु हुनेछ। दीर्घकालीन रुपमा विद्युतको समस्या समाधान गर्न अरुण तेश्रो जल विद्युत आयोजनाको पूर्वाधार निर्माण गर्न रु.८७ करोड १७ लाख विनियोजन गरेको छु।

५३ पूर्व–पश्चिम राजमार्गमा पर्ने कर्णाली पुलको निर्माण सम्पन्न भै देशको सुदूर पश्चिम भाग एकिकृत यातायात प्रणालीमा आवद्ध भइसकेको छ। आगामी बर्ष यस राजमार्गको सदूर पश्चिममा पर्ने खण्डमा निर्माण गर्नुपर्ने अन्य पुलहरुको निर्माणको लागि रु.२० करोड ६० लाख छुट्याएको छु। आगामी बर्ष चारआली–इलाम, गोदावरी–भातकाँडा–पाटन, भातकाँडा–दिपायल सडकहरु पूरा गर्ने गरी बजेट विनियोजन गरेको छु। त्यस्तै झिमरुक जल विद्युत आयोजनाका लागि पूर्वाधारको रुपमा रहेको भालुवाङ–देवीस्थान सडकको निर्माण पुरा गरिनेछ। मध्य पश्चिमाञ्चलमा सुर्खेत–जुम्ला सडकलाई प्राथमिकता दिई रु.६ करोड व्यवस्था गरेको छु। सडक मर्मत संभार तर्फ समयमै ध्यान पुऱ्याउनु पर्ने भएको हुँदा निर्माण भै सकेको सडक संरचनाहरुको लागि यथेष्ट बजेट विनियोजन गरेको छु। आगामी बर्ष बर्दिवास सिंधुली–धुलिखेल सडक निर्माणको प्रारम्भिक कार्य शुरु गर्ने पनि व्यवस्था मिलाएको छु। पुल र झोलुङ्गे पुलहरुको निर्माणको लागि पनि रकमको व्यवस्था गरेको छु।

५४ हवाई यातायाततर्फ त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा सुधार र थप उपकरणहरु व्यवस्था गर्न एवं अन्य आन्तरिक विमान स्थलहरुको निर्माण एवं सुविधा विस्तारका लागि रु.६२ करोड ५९ लाख विनियोजन गरेको छु।

५५ विदेशी मुद्रा आर्जन गर्ने र रोजगारकिो समेत प्रमुख श्रोत रहेको पर्यटन व्यवसायमा टेवा पुऱ्याउन पर्यटन पूर्वाधारको विकास एवं पर्यटन प्रवर्द्धनका लागि रु.१२ करोड १७ लाख विनियोजन प्रस्ताव गरेको छु। गैर सरकारी संस्थाको सहभागितामा अन्नपूर्ण क्षेत्रमा संचालित वातावरणीय सुधार तथा चेतना अभिबृद्दि र प्रदुषण नियन्त्रण कार्यक्रम प्रभावकारी देखिएकोले खुम्बु क्षेत्रमा पनि यस्तो कार्यक्रम संचालन गर्न केही बजेट व्यवस्था गरेको छु।

५६ आर्थिक बर्ष २०४८।४९ को यथार्थ आय व्यय, आर्थिक बर्ष २०४९।५० को संशोधित आय व्ययको अनुमान र आर्थिक बर्ष २०५०।५१ को अनुमाननित आयव्यय अनुसूचीहरुमा उल्लेख गरेको छु। आगामी आर्थिक बर्ष २०५०।५१ ा लागि साधारण र विकास गरी जम्मा रु.३५ अर्ब ५१ करोड ३९ लाख ७८ हजार विनियोजन गरेको छु। अनुमानित खर्चको लागि राजश्वको वर्तमान श्रोतबाट रु.१६ अर्ब ४२ करोड ४५ लाख ९० हजार र बैदेशिक अनुदानबाट रु.४ अर्ब ३२ करोड ८५ लाख ५६ हजार , बैदेशिक ऋणबाट रु.११ अर्ब २८ करोड १० लाख ३२ हजार गरी बाँकी रु.३ अर्ब ४७ करोड ९८ लाख न्यून हुनेछ।

५७ चालु आर्थिक बर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण छुट्टै पेश गरेको छु।

५८ आगामी आर्थिक बर्षको लागि सरकारी खर्च र आन्तरिक राजश्वको प्रस्ताव गर्दा एकातिर उपलब्ध साधनको उपयुक्त योजनामा सदुपयोग गर्ने तर्फ अधिकतम ध्यान दिनु पर्ने कुरालाई मध्यनजर राखिएको छ भने अर्कोतिर आन्तरिक राजश्व परिचालन पनि उत्तिकै जोड दिनु पर्ने कुरालाई अवलम्बन गरिएको छ। श्री ५ को सरकारले चालु आर्थिक बर्षमा अनावश्यक कर्मचारी संख्यालाई घटाउँदै लैजाने नीति लिए अनुरुप साधारण खर्चमा भार केही कम पर्ने अनुमान गरिएको छ तापनि

साधारणखर्चमा सुधार ल्याउन अनुत्पादक खर्चको अंशमा मितव्ययिता अपनाउनु पर्ने देखिएको छ । विकास तर्फ बाह्य ऋण सदुपयोग गरी विकास आयोजनाको प्रतिफल समयमा नै हासिल गर्नु पर्ने तथ्यलाई दृष्टिगत गरी आवश्यक पर्ने विकास योजनाहरको छनौट र योजना बद्ध रुपले संचालन गर्ने तर्फ हाम्रो प्रयास उन्मुख रहने छ । यी कार्यहरु २०५० चैत्र मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आगामी आर्थिक बर्षमा सरकारी खर्च तथा राजश्वको अनुमान गर्दा यिनै तथ्यहरुलाई मध्यनजर राखेको छु ।

## <u>राजश्व परिचालन</u>

**सम्माननीय सभामुख महोदय,**

५९ गत बर्षको बजेट प्रस्तुत गर्दा मैले देशले अंगिकार गरेको उदार र प्रतिस्पर्धात्मक अर्थ व्यवस्थासँगमेलखाने गरी राजश्व नीतिमा समयानुकूल सुधार गर्दै जाने प्रतिवद्धता व्यक्त गरेको थिएँ । विगत दुई बर्षदेखि राजश्व नीति र प्रशासनमा थालिएको सुधारको प्रकृयालाई अझ बघि बढाउनु यस बर्ष मलाई सांसद मित्रहरुको थप प्रतिक्रिया र सुझावहरुसँगै उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि व्यक्ति र संस्थाहरु, अर्थविद र बुद्धिजीवीहरुसँगको छलफल तथा ट्यारिफ बोर्डले दिएको सुझावले थप मद्दत गरेको छ ।

६० राजश्व नीतिमा निरन्तरता र पारदर्शिताका लागि हाम्रो कर व्यवस्था र संरचना कुन बाटो वा दिशातर्फ लक्षित हुनेछ भन्ने प्रष्ट हुनु जरुरी हुन्छ । यस्तो सुस्पष्टताले एकातिर साना ठूला करदाता सबैलाई निश्चिन्त भएर आफ्नो व्यवसाय बृद्धि गर्न आश्वस्त गर्दछ भने अर्कोतिर कर प्रणाली भित्र विभिन्न करहरुको उद्देश्य र प्रयोजनमा विचलन आउन नदिन पनि मद्दत पुऱ्याउँछ ।

**सभामुख महोदय**

६१ गत बर्ष बजेटको प्रस्ततीको बेला मैले अन्तर्राष्ट्रिय व्यापारमा प्रचलित वस्तु वर्गीकरण संकेतको नयाँ हार्मेनाइज्ड सिष्टम लागु गरेर भनसार प्रशासनलाई सफल बनाउने नयाँ थालनी गरेको थिएँ । भन्सारका दरबन्दहिरुमा रहेको जटीलतालाई पनि न्यून गर्न केही प्रारम्भिक कार्यहरु थालेको थिएँ । यस बर्ष पुनः भन्सारका दरबन्दीलाई अझ सरलीकृत गर्ने प्रयासहरु प्रस्तावित गरेको छु । उदार अर्थ व्यवस्था अनुरुप भन्सारका दरबन्दीहरुमा समायोजन गर्दै स्वदेशी उद्योगहरुलाई पनि उपयुक्त संरक्षण प्राप्त हुन सकोस भन्ने मेरो प्रयास राजश्व प्रस्तावमा अभिव्यक्त भएको छ । भन्सार दरबन्दीलाई समयानुकूल र भन्सार प्रशासनलाई सुधार गर्ने क्रम आगामी बर्षहरुमा जारी रहने छ ।

६२ अन्तःशुल्कलाई थोरै वस्तुहरुमा सीमित गर्दै लाने सरकारको नीति अनुसार आगामी आर्थिक बर्षदेखि अन्तःशुल्क लाग्ने वस्तुहरुको संख्यामा व्यापक कटौती गरेको छु । उद्योगपति व्यवसायीहरुलाई प्रशासनिक झंझटबाट मुक्त भई उत्पादन गतिविधि विस्तार गर्न यो कदमले अभिप्रेरित गर्ने विश्वास मैले लिएको छु । अन्तःशुल्कतर्फ सुधारका प्रयास आगामी बर्षहरु जारी रहने छन् ।

६३ विक्रीकरलाई राजश्व परिचालनको प्रमुख श्रोत बनाउने उद्देश्यले सरकारका प्रयासहरु विक्री करलाई क्रमशः मूल्य अभिबृद्धि करमा रुपान्तरित गर्ने दिशातर्फ लक्षित रहेको छ । अन्तःशुल्कको क्रमशः खारेजी पछि राजश्व परिचालनका निम्ति विक्री करमा निर्भरता बढ्नु स्वाभाविक हुन्छ । तर विक्री करका दरबन्दीमा विविधता रहुन्जेल विक्री कर प्रशासन जटिल हुने हुँदा विक्री करका दरहरुलाई दुइवटामा सीमित राख्दै आन्तरिक र पैठारीमा लाग्ने विक्री करको दरमा समानता कायम गर्ने प्स्ताव गरेको छु । गत बर्ष देखि दुई तहमा विक्री कर लागि आएका वस्तुहरुको संख्यालाई बढाउनुका साथै पैठारी हुने तीनै तयारी वस्तुमा पनि दुई तहमा विक्री कर उठाउने प्रस्ताव गरेको छु ।

६४ आयकरतर्फ नयाँ करदातालाई करको परिधिभित्र ल्याउने प्रस्ताव गर्नुका सार्थ साना करदाताहरुलाई सरल रुपमा कर बुझाउने प्रक्रिया पनि प्रस्तावित गरेको छु । प्रत्यक्ष करबाट बढी राजश्व परिचालन गर्ने दृष्टिले आय करको परिधि भित्र नयाँ करदातालाई ल्याउने तथा आयकर प्रशासनलाई सुदृढ र सवल बनाउने प्रयास जारी रहने छ । पोहरदेखि प्रारम्भ गरिएको स्वयंकर निर्धारण प्रणालीलाई सरल र पारदर्शी बनाउनका लागि प्रकृयागत सुधारहरु गरिने छन् ।

६५ बर्षोदेखि अपरिवर्तित रहेको मालपोतमा समेत यसबर्ष हेरफेर गर्ने प्रस्ताव प्रस्तुत गरेको छु । यस बाहेक राजश्व चुहावटमा नियन्त्रण गर्दै अरु विभिन्न करहरुको पनि दायरा विस्तृत र फराकिलो पार्ने कदमहरु पनि प्रस्तावित गरेको छु ।

**सभामुख महोदय,**

६६ विभिन्न करहरुको विकसित हुँदै गएको स्वरुप र तिनको प्रयोजन र तिनमा हुने परिवर्तनको दिशालाई लक्षित गरेर मैले आगामी बर्षहरुमा हाम्रो देशमा विकशित हुने कर प्रणाली र संरचनाको बारेमा संकेत गरेको छु । यस्तो संकेतले कर प्रणालीको विश्वसनीयता र सुनिश्चिततालाई बल पुऱ्याउने आशा गर्दछु ।

आगामी बर्षहरुमा विभिन्न करहरुको विकशित हुने स्वरुपको संक्षिप्त चर्चापछि अब म आर्थिक बर्ष २०५०।५१ को लागि राजश्व प्रस्ताव प्रस्ततु गर्ने अनुमनति चाहन्छु।

**सभामुख महोदय,**

६७ आर्थिक बर्ष २०५०।५१ को लागि मैले प्रस्ततु गर्न थालेका राजश्व प्रस्तावहरु निम्नलिखित उद्देश्यले निर्देशित छन् :

(क) करको संरचनालाई युक्तिसंगत तुल्याई राजश्व नीतिलाई दीर्घकालीन दिशा प्रदान गर्ने ।

(ख) आर्थिक कृयाकलापसँग सम्बद्ध गर्दै कर राजश्वलाई लचिलो बनाउने तथा राजश्व परिचालनका लागि प्रत्यक्ष कर माथिको निर्भरता बढाउँदै लैजाने ।,

(ग) राजश्व प्रशासन र संकलन प्रकृयालाई सरल र प्रभावकारी बनाउने ।

**सभामुख महोदय**

राजश्व नीतिका यी उद्देश्य प्राप्ती गर्नका लागि पहिले म अप्रत्यक्ष करतर्फका प्रस्तावहरु प्रस्तुत गर्न चाहन्छु ।

६८ ब्यापार विविधिकरण नै आर्थिक उदारवादको मेरुदण्ड भएकोले भन्सार दरहरुमा सरलीकृत गर्ने दृष्टिकोणले भन्सारका दरहरु निर्धारण गरेको छ । यसै सन्दर्भमा साधारण भन्सार महशूलका हालका ८ वटा दरहरुलाई घटाई ५,१०,२०,३०,४०,र ६० र ११० प्रतिशतका ७ वटा दर कायम गरेको छ । तेश्रो मुलुकको पैठारीमा लागि आएको अतिरिक्त भन्सार महसूललाई साधारण महसूल मै समाहित गरि पैठारीमा एउटै साधारण भन्सार दर प्रस्तावित गरेको छ ।

६९ भारतबाट पैठारी गर्दा ५ देखि ६० प्रतिशत सम्म साधारण महसूल लाग्नेमा २० प्रतिशत र ११० प्रतिशत लाग्नेमा १० प्रतिशत छुट दिने व्यवस्था प्रस्तावित गरेको छ । त्यसै गरी चीनको स्वशासित क्षेत्र तिब्बत, सार्क सदस्य राष्टहरु र अधिकतम सौविध्य प्राप्त मुलुकका उत्पादनहरुको पैठारीमा पनि क्रमशः १० र ५ प्रतिशतका दरले छुट हुने व्यवस्था मिलाएको छु ।

७० हाल ०.५ प्रतिशतका दरले निकासी सेवा शुल्क लागि आएका सामानमा अब देखि २ प्रतिशतका दरले सेवा शुल्क लगाइको छ । यसबाट उठने राजश्वको केही अंश निर्यात प्रवर्द्धनमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

७१ नेपाल अधिराज्यबाट प्रकाशित हुने दैनिक तथा साप्ताहिक पत्रपत्रिकाको लागि पैठारी गरेको फ्याक्स मेशिन र प्रिन्टर समेतको कम्प्यूटरमा लाग्ने भन्सार महशसूल ५० प्रतिशत छुट दिई विक्री कर नलाग्ने व्यवस्था गरिएको छ । यो सुविधा एउटा पत्रिकालाई एक/एक वटा मात्र, भसांर मन्त्रालयको सिफारिशमा दिइनेछ । एक पटक यस्तो सुविधा लिए पछि ५ बर्षसम्म यिनै सामानमा अर्को छुट दिइने छैन ।

७२ यातायात सेवामा निजी क्षेत्रको सहभागिता समेत बृद्धि गरी विस्तार गर्ने उद्देश्यले ट्याक्सी सेवा संचालन गर्नका लागि सार्वजनिक कम्पनीको रुपमा दर्ता भएका कम्पनी तथा सहकारी संस्थाले पैठारी गर्ने सवारी साधनहरुमा लाग्ने महशूलमा ५० प्रतिशत छुट दिई विक्री कर नलाग्ने गरेको छ । साथै पर्यटन प्रवर्द्धनको उद्देश्यले स्थायी स्वीकृती प्राप्त ट्राभेल एजेन्सी, तथा होटेलहरुले पैठारी गर्ने माइक्रो बस, मिनिबस तथा वातानुकुलित लक्जरी कोचमा लाग्ने महशूलमा ५० प्रतिशत छुट दिई विक्री कर नलाग्ने व्यवस्था गरेको छु । यसरी छूट लिई पैठारी गरिएका सवारी साधन पर्यटन सम्बन्धि काममा बाहेक उपयोग गर्न नपाइने र पैठारी गरेको पाँच बर्षसम्म स्वामित्व हस्तान्तरण पनि गर्न नपाइने प्रस्ताव गरेको छु ।

७३ पुराना र प्रयोग भइसकेका सवारी र ढुवानी साधनहरुले वातावरणमा पार्न सक्ने असर समेतलाई दृष्टिगत गरी यसलाई निरुत्साहित गर्न यस्ता ढुवानी र सवारी साधनहरु पैठारी हुँदा लाग्ने महसूलमा, उतपादन भएको दोश्रो बर्ष भए ५ प्रतिशत, तेश्रो बर्ष भए १० प्रतिशत, चौथो बर्ष भए १५ प्रतिशत र पाँचौ बर्ष भए २० प्रतिशत थप गरी भन्सार महसूल लगाउने प्रस्ताव गरेको छु । साथै कृषि ट्याक्टर बाहेक पाँच बर्ष भन्दा पुरानो सवारी र ढुवानी साधन पैठारी गर्न बन्देज लगाएको छु ।

७४ भन्सार महसूल दर समायोजन र निर्धाराण गर्दा आयात, ब्यापार, मूल्य तथा उद्योगको संरक्षणमा पर्ने प्रभावलाई ध्यान दिएको छु ।

७५ भन्सार दरबन्दीमा गरिएका उपरोक्त सम्पूर्ण परिवर्तनबाट थप रु.५० करोड राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

७६ विक्रीकर व्यवस्थामा सुधार गर्दै मूल्य अभिबृद्धि कर तर्फ जाने श्री ५ को सरकारको घोषित उद्देश्य अनुरुप विक्रीकरका दरहरुमा परिवर्तन तथा सुधार तर्फ विशेष प्रयास गरेको छु ।

७७ हाल ५,१०,१५,२० र ४० प्रतिशत गरी विक्रीकरका ५ दरहरु भएकोमा अब १० र २० प्रतिशत गरी दुई दरमात्र कायम गरिएको छ ।

७८ पैठारी र आन्तरिक उत्पादनमा हालसम्म वेग्लावेग्लै दरहरुबाट विक्रीकर लिदैं आएकोमा अब पैठारी र आन्तरिक उत्पादनमा समान दरहरु कायम गरिएको छ । टेलिफोन तत्सम्बन्धी सेवामा हाल लागि आएको विक्रीकर बृद्धि गरि २० प्रतिशतले लगाउने प्रस्ताव गरेको छु ।

७९ हाल केही बस्तुहरुको मात्र आन्तरिक उत्पादनमा दुई तहको विक्रीकर लगाई आएकोमा अब देखि साबुन, सिमेण्ट, छड डण्डी, फलामका प्लेन तथा कोरोगेटेड शिट्स, रंगरोगन जस्ता बस्तुहरु समेतको आन्तरिक उत्पादन र पैठारी हुने सोही वस्तुहरुका थोक विक्रेतालाई दर्ता गरी विक्रीकर लिने व्यवस्था गरेको छु । साथै विदेशी फर्म वा कम्पनीका अधिकृत विक्रेता वा एजेण्ट तथा तिनका थोक विक्रेताहरुलाई विक्रेतामा दर्ता गरी विक्रीकर असूल गरिने व्यवस्था मिलाएको छु ।

८० हाल अग्रिम विक्रीकर व्यवस्था खारेज गरी त्यसको सट्टामा विक्रेताले तिर्नु पर्ने विक्रीकर रकममा पहिले तिरीसकेको विक्रीकर रकम कट्टी गर्ने (Tax Credit) पद्धति लागु गरेको छु ।

८१ विक्री करका उपरोक्त परिवर्तनहरुबाट थप रु.४१ करोड ८२ लाख राजश्व प्राप्त हुने अनुमान छ ।

८२ अन्तःशुल्क दरहरु सरलीकरण गरी चिनीमा १ प्रतिशत, अन्य औद्योगिक उत्पादनमा ५ देखि १५ प्रतिशत र जर्दा खैनी, विडी, चुरोट, वियर र मदिरामा २० देखि १५० प्रतिशत कायम गरिएको छ । परिमाणगत दरलाई स्प्रीट, वाइन, साइडर र मोलासेसमा सीमित गरी अन्य दरहरु मोल प्रतिशतमा कायम गरिएको छ ।

८३ बनस्पती ध्यु र तेल, चाउचाउ,विस्कुट, साबुन, तारपीनको तेल, प्लाष्टिकका ब्याग र भाँडाकुँडा, पि.भि.सि.कपर तथा आल्मोनियम वायर, टाय ट्यूव, सिन्थेटिक यार्न, कपडा, पि.भि.सी.कमपाउण्ड, कृत्रिम छाला वा रेजीनबाट तैयार भएका बस्तु छड, कोरोगेटेड तथा प्लेन सिटहरु, एंगल पाता, तार, वायर , पाइपहरु, जीप फास्नर, क्यासेट टेप तथा विजुलीका प्लग र स्वीचहरुमा लागि आएको अन्तःशुल्क पूर्ण रुपमा हटाएको छु ।

८४ रेडियो ट्रान्जिष्टर ,श्यमस्वेत टेलिभिजन, हल्का पेय, कृत्रिम उनी धागो, फोम र स्पोञ्जमा लागि आएको अन्तःशुल्क दर घटाएको छ ।

८५ सिमेण्ट, रंगारोगन, चुरोट, विडी, वियर तथा मदिरामा अन्तःशुल्क बढाइएको छ । पान पराग र जर्दा खैनीमा अन्तःशुल्क लगाएको छु ।

८६ स्वयं निष्काशन प्रक्रिया सम्बन्धी व्यवस्थालाई यथावत राखी अब यो प्रक्रिया, चुरोट, वियर, मदिरा, स्प्रीट, खुदो र टेलिभिजन बाहेक अन्य सबै उत्पादनमा लागु गर्न सकिने व्यवस्था गरिएको छ ।

८७ चुरोटमा प्रति खिल्ली १ पैसाका दरले स्वास्थ्य कर लगाई असूल उपर गरिनेछ । यसरी प्राप्त रकमको छुट्टै कोष खडा गरी अर्बूद क्षयरोग तथा अन्य रोगको रोकथाम तथा उपचार कार्यमा खर्च गरिनेछ ।

८८ उपर्युक्त दरहरुको परिवर्तनबाट जम्मा रु.७ करोड ५० लाख थप राजश्व परिचालन हुन सकने अनुमान गरिएको छ ।

८९ भन्सार महसूल, अन्तःशुल्क विक्रीकरका साथै निकासी शुल्कका दरहरु आजका मिति देखिनै लागु हुनेछन् ।

**सभामुख महोदय,**

९० अब म प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

९१ हालसमम प्राइभेट लिमिटेड कम्पनीहरुले पनि व्यक्तिगत आयमा लाग्ने प्रगतिशिल दरमा आय कर तिर्दै आएका छन् । आगामी आर्थिक बर्षदेखि यस्ता प्राइभेट लिमिटेड कम्पनीहरुले पनि पब्लिक लिमिटेड कम्पनी सरह समदरमा आय कर तिर्नु पर्ने प्रस्ताव गरेको छु । यस्तो समदर दुबै थरी कम्पनीहरुको निमित्त ३५ प्रतिशत निर्धारण गरेको छु ।

९२ हाल बैंकको मुद्दती निक्षेपको ब्याजमा बार्षिक रु.५ हजार सम्म छूट दिई त्यसभन्दा बढीको बयाज आयमा ५ प्रतिशतका दरले श्रोतमै आय कर कट्टा गर्ने गरिएको छ । यसो गर्दा निक्षेप टुक्रयाई विभिन्न बैंकमा राखी ब्याज आय छुटको सीमा भित्र पार्ने प्रचलन बढदै गएको हुँदा यस्तो प्रचलनलाई निरुत्साहित गर्न आगामी आर्थिक बर्षदेखि पुरै ब्याज रकममा ५ प्रतिशतका दरले श्रोतमै आय कर कट्टा गर्ने प्रस्ताव गरेको छु ।

९३ भाडामा चल्ने सवारी साधनमा हाल आयकर नलगाई सवारी साधन कर मात्र लाग्ने गरेको छ । आगामी आर्थिक बर्ष देखि यस्ता सवारी साधनमा सवारी साधन कर खारेज गरि निश्चित रकमको आयकर लगाउने प्रस्ताव गरेको छु ।

९४ फिटी गुण्टा नियम अन्तर्गत आउने व्यक्तिगत प्रयोगका सामान बाहेक व्यवसायिक प्रयोजनको लागि पैठारी हुने सबै सामानहरु आयकर दर्ता प्रमाण पत्र नहुनेले पैठारी गरेको अवस्थामा भन्सारले गरेको मुल्याङ्कनको ५ प्रतिशतका दरले अग्रिम कर असूल गर्ने व्यवस्था गरेको छु ।

९५ तरकारी फलफूल लगायत अन्य केही मालवस्तुहरु पैठारी गर्दा सबै पैठारी कर्ताहरुबाट २.५ प्रतिशतका दरले श्रोतमा नै अग्रिम आयकर लिने प्रस्ताव गरेको छु ।

९६ हालसम्म विभिन्न पेशा व्यवसाय गरी कर योग्य आय आर्जन गर्ने व्यवसायीहरु पूर्ण रुपमा आय करको दायरा भित्र आउन हिचकिचाई रहेका छन् । कर तिर्दा हुने झमेलाले गर्दा पनि यसो हुन गएको अनुभव भएको छ । त्यसैले यस्ता कर योग्य आय भएर पनि प्रशासनिक झमेलाको कारणले हालसमम करको दायरा भित्र नआएका साना करदाताहरुले विना झमेला राजश्व संकलनमा सहभागी हुन सकुन भन्ने उद्देश्यले निश्चित किसिमका पेशा व्यवसाय गर्ने व्यक्तिहरुको निमित्त सरल र झमेलारहित किसिमले बार्षिक रु.१५०० आय कर तिर्नुपर्ने प्रस्ताव गरेको छु । यसरी कर तिर्ने करदाताहरुलाई कुनै सोधपुछ नगरी कर भुक्तानी प्रमाण पत्र दिने व्यवस्था पनि मिलाएको छु।

९७ हाल हिसाव किताब नराख्ने बार्षिक रु.६० हजारसम्मको आय भएका साना कर निर्धारण समिति अन्तर्गत कर निर्धारण हुने गरेका करदाताहरुले पनि चाहेमा अघिल्लो बर्ष लागेको करमा २० प्रतिशत थप गरी उक्त रकम साथ विवरण दाखिला गरेमा कर निर्धारण भए सरह मान्यता पाउने व्यवस्था गरेको छु । यसबाट साना करदाताहरुलाई कर बुझाउन सुविधा हुनुको साथै करको दायरा बढ्ने आशा राखेको छु ।

९८ रु.१० लाख सम्मको स–साना निर्माण र राशनका ठेकेदारहरुबाट ठेक्काको भुक्तनी अवस्थामा नै राशन ठेक्कामा १ प्रतिशत र अन्य ठेक्कामा २ प्रतिशत आय कर ठेक्का दिने कार्यालयले नै असूल गरी फछ्र्यौट गरिदिने व्यवस्था गरेको छु । यसबाट खासगरी दुर्गम जिल्लाका स–साना ठेकेदारहरुलाई कर कार्यालयमा धाउनु नपर्ने र कर विवरणहरु फछ्र्यौट गरी रहन नपर्ने हुन्छ ।

९९ नेपाल अधिराज्य भित्र संचालित क्यासिनोहरुबाट आगामी बर्षदेखि रु.१ करोड २० लाखका दरले रोयल्टी रकम असूल गरिने छ । यसबाट थप रु.८० लाख प्राप्त हुनेछ ।

१०० हाल आन्तरिक उडानमा विभिन्न स्थानका लागि लागि आएको हवाईउडान करको दरमा परिवर्तन गरिएको छु । दुर्गमस्थानबाट यात्रा गर्नेको लागि हालको दररु.२० कायम नै राखी बाँकी स्थानहरुबाट उडान गर्नेहरुको लागि रु.५० कायम गरेको छु ।

१०१ त्रिभुवन विमानस्थलबाट प्रस्थान गर्ने सम्पूर्ण गैर नेपाली यात्रुलाई हाल लागि आएको हवाई उडान करको अलावा थप रु.१०० असुल गर्ने प्रस्ताव गरेको छु । यसरी विदेशी यात्रुहरुबाट थप प्रापत हुने राजश्वको केही अंश प्रदुषण नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ । हवाई उडानकरको दरमा गरिएको यो परिवर्तनबाट थप रु.२ करोड ५० लाख राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१०२ निजी सवारी साधनहरुमा हाल लागि आएको सवारी साधन कर वर्तमान वातावरण र शहरी सडक प्रयोगको परिप्रेक्षमा अपर्यापत देखएकोले केही बढाउने प्रस्ताव गरेको छु । सवारी साधन करमा भएको बृद्धिबाट थप ४० लाख प्राप्त हुने अनुमान गरेको छु ।

१०३ स्थानीय निकायहरुको थप साधन र श्रोतको उपलब्धता बृद्धि गर्ने उद्देश्यले आगामी बर्षदेखि स्थानीय कर कार्यालय र नगरपालिकाको संयुक्त सहभागितामा सम्पत्ति कर उठाउने प्रस्ताव गरेको छु । सरकारी वा अर्धसरकारी स्वामित्वमा रहेका संस्थाहरुको सम्पत्तिबाट उठने राजश्व बाहेक अन्य सम्पत्तिबाट प्रापत राजश्वको ७ँ५ प्रतिशत रकम सम्बन्धित नगरपालिकाहरुलाई दिने व्यवस्था गरेको छु ।

१०४ हाल नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरुलाई लागि आएको भिसा शुल्कको दर धेरै अघिदेखि अपरिवर्तित रहेको हुँदा आगामी आर्थिक बर्षमा भिसा शुल्क शत प्रतिशतले बृद्धि गरिने छ । यसबाट थप रु.१० करोड राजश्व प्राप्त हुने अनुमान छ र यो रकम मध्ये केही अंश पर्यटन प्रवर्द्धनको निमित्त खर्च गरिनेछ ।

१०५ हाल नौविसे मुगलिङ्ग राजमार्गमा आवतजावत गर्ने सवारी साधनमा रु.२० का दरले राजमार्ग सुधार दस्तुर लगाई आएकोमा आगामी आर्थिक बर्षदेखि लागु हुनेगरी रु.२५ का दरले राजमार्ग सुधार दस्तुर लगाई असूल गरिनेछ । आगामी आर्थिक बर्षमा यस्तो दस्तुर अन्य मार्गहरुमा पनि क्रमशः विस्तार गरिनेछ ।

१०६ हाल कायम रहेको मालपोतको २५ बर्ष भन्दा पुरानो दर जमिनको विभिन्नता तथा विभिन्न दरमा दिइएको छुटको कारणले अत्यन्त जटील बन्दै गएको छ । यसबाट मालपोत तिर्ने तथा बुझ्ने दुबै थरीलाई झण्झट भएको छ भने मालपोतको यथार्थ अभिलेख राख्ने काममा समेत कठिनाई उत्पन्न भएको छ । यी कारणले मालपोतको बक्यौता रकम बढ्दै जानुको साथै त्यसको अद्यावधिक अभिलेखसमेत राख्न कठिन भएको छ ।

१०७ मालपोतको दरमा हाल दिइएको छुटबाट अपेक्षित परिणाम प्राप्त हुन सकेको देखिएको छैन। साना किसानहरुको निमित्त प्रभावकारी प्रोत्साहन मालापेतको नगन्य छुटबाट भन्दा सिचाई सुविधा, मलखाद, ऋण तथा बजार व्यवस्थाबाट हुन सक्ने भएकोले हाल कायम रहेको मालपोतको दरबन्दीमा सुधार गर्ने प्रस्ताव गरेको छु ।

१०८ आगामी आर्थिक बर्षदेखि लागु हुने गरी प्रस्तावित मालपोत दरबन्दी अनुसार नापी भएका पहाडी जिल्लामा पाखो जग्गा अवलमा प्रति रोपनी ५ रुपैया १२ पैसा र दोयम, सीम चाहार र पाँचौ मा प्रति रोपनी २ रुपैया ५६ पैसा कायम गरेको छु । खेत जग्गामा अवलमा प्रति रोपनी ७ रुपैया ६८ पैसा, दोयममा ५ रुपैया १२ पैसा, सीम तथा चाहारमा २ रुपैया ५६ पैसा कायम गरेको छु । उपत्यकको तीन जिल्लाको शहरी र पहाडी क्षेत्र बाहेकको सबै किसिमको जग्गामा प्रति रोपनी २५ रुपैया ६० पैसाको दरले मालपोत लगाउने प्रस्ताव गरेको छु । उपत्यकाका तीन जिल्लाको पहाडी क्षेत्रमा पर्ने जग्गाको मालपोतको दर अन्य पहाडी क्षेत्र सरह हुनेछ ।

१०९ सम्पूर्ण तराई क्षेत्रमा प्रति बिगाहा अवलमा ८० रुपैया, दोयमा ७२ रुपैया, सिममा ६० रुपैयार चाहारमा ४० रुपैयाका दरले मालपोत लगाउने प्रस्ताव गरेको छु ।

११० यसै गरी शहरी क्षेत्रको भूमि करको दरमा पनि परिवर्तन गरी काठमाडौ उपत्यकाको निमित्त प्रति रोपनी न्यूनतममा ३५ रुपैया ८४ पैसा र अधिकतममा १ सय २८ रुपैया कायम गरेको छु । अवर्गिकृत जग्गाको निमित्त प्रति रोपनी ६१ रुपैया ४४ पैसा कायम गरेको छु ।

१११ प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर बाहेक अन्य दरहरु यथावत राखेको छु । यसरी राजश्वको वर्तमान श्रोतबाट रु.१६ अर्ब ४२ करोड ४५ लाख ९० हजार तथा कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु.१ अर्ब ६५ करोड ९८ लाख गरी जम्मा रु.१८ अर्ब ८ करोड ४३ लाख ९० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

११२ मैले माथि पेश गरेको व्यय विरणमा रु.३ अर्ब ४७ करोड ९८ लाख न्यून छ । यस न्यून मध्ये कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु.१ अर्ब ६५ करोड ९८ लाख प्राप्त हुने भई रु.१ अर्ब ८२ करोड खुद न्यून हुन जाने अनुमान छ । यसलाई गैर बैकिंग क्षेत्रबाट रु.८२ करोड र बैकिंङ्ग क्षेत्रबाट रु.१ अर्ब आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ ।

## समष्टिगत आर्थिक स्थितिको अनुमान

अब म देशको आथिृक परिसूचकहरुको चालु बर्षको स्थिति र तिनको आगामी आर्थिक बर्ष २०५०।५१ को प्रक्षेपण संक्षेपमा प्रस्तुत गर्दछु ।

११३ चालु आर्थिक बर्षमा कूल गार्हस्थ्य उत्पादन स्थिर मूलयमा गत बर्षको २.१ प्रतिशत बृद्धिको दाँजोमा २.९ प्रतिशतले बृद्धि हुने अनुमान रहेको छ । मुद्रा प्रदाय चालु बर्ष २१.१ प्रतिशत भएको यो बर्ष २० प्रतिशत रहने अनुमान छ । चालु आर्थिक बर्षमा निर्यात क्षेत्र तर्फ महत्वपूर्ण विस्तार भएकोले गत बर्षको तुलनामा २६.६ प्रतिशतले बृद्धि भई चालु खाता घाटा/कुल गार्हस्थ उत्पादन अनुपात ८.३ प्रतिशतबाट घटेर चालु आर्थिक बर्ष ५.६ प्रतिशत पुग्ने अनुमान छ । शोधान्तर स्थिति गत बर्ष रु.४ अर्ब बचत भएकोमा चालु आर्थिक बर्षमा रु.६ अर्ब बात हुने अनुमान छ । मूल्य स्थितिमा पनि गत बर्षको तुलनामा स्थिरता आई गत बर्ष २१.० प्रतिशतले बृद्धि भएकोमा चालु आर्थिक बर्षको अन्तमा ८.९ प्रतिशतले मात्र बृद्धि हुने अनुमान छ । यस अतिरिक्त चालु आर्थिक बर्षमा नेपाली मुद्रालाई चालु खातामा पूर्ण परिवर्त्य गराइएको छ र डलरको बजार मूल्यमा ३.१ प्रतिशतले बृद्धि हुने अनुमान छ ।

११४ आगामी बर्ष कूल गार्हस्थ उत्पादन बृद्धि ६.० प्रतिशत हासिल गर्ने लक्ष्य राखिएको छ । राजश्व संकलनको लक्ष्य कूल गार्हस्थ उत्पादनको ११.३७ प्रतिशत रहेको छ र विदेशी सहायताको उपयोगमा सुधार आउने संकेत देखिनाले सरकारी वित्तीय घाटा कूल गार्हस्थ उत्पादनको ८.२ प्रतिशत र आन्तरिक ऋण परिचालन १.१४ प्रतिशतमा सीमित गरिनेछ । फलस्वरुप आगामी बर्ष औसत मूल्यबृद्धि ६ प्रतिशतमा हाराहारीम हुने देखिन्छ । मुद्रा प्रदाय पनि त्यही अनुरुप १२ प्रतिशतले बढने अनुमान रहेकोले चालु खाता–घाटा र कूल गार्हस्थ उत्पादनको अनुपात ७.४ प्रतिशत रहने छ । विदेशी मुद्राको शोधनान्तर स्थितिमा रु.१ अर्ब थप हुने अनुमान छ । साराँशमा आगामी बर्ष प्रमुख आर्थिक परिसूचकहरुको स्थिति उत्साहवर्द्धक रहने विश्वास लिइएको छ ।

## उपसंहार

**सभामुख महोदय**

११५ प्रस्तुत बजेट यस जनदेश प्राप्त सरकारको उदार र प्रतिस्पर्धायुक्त अर्थ व्यवस्थालाई विकसित गर्ने आर्थिक दस्तावेज पनि हो । यो बजेटको प्रभावकारी कार्यान्वयनबाट उत्पादनमूलक लगानीमा बृद्धि हुने र बृहद परिवेसमा आधारित आर्थिक विकास हासिल हुनेछ । विकास दर तीब्र भै आय र रोजगारको बृद्धिबाट ब्यापक स्तरमा देशबासीको जीवनस्तर उकास्न सकिने विश्वास लिएको छु । बजेटमा समावेश भएका विशेष कार्यक्रमको कार्यान्वयनबाट सन्तुलित क्षेत्रीय विकास हुने र आर्थिक रुपले पिछडिएका विपन्न वर्गको आयस्तर बढाउन पनि सघाउ पुग्ने देख्दछु । संस्थागत विकास तर्फ दिइएको प्राथमिकताबाट स्थानीय निकायहरुको ग्रामीण विकास गर्ने र जनसहभागिता जुटाउने कार्य दक्षतामा बृद्धि हुनेछ । बजार विकास गर्ने कार्य अझ विस्तारित भै ग्रामीण बजार शहरी बजारसँग आवद्ध हुँदै जानेछ । यसबाट गाउँ र शहर विचको आर्थिक दूरीमा क्रमिक रुपले कमी आउनेछ । निजीक्षेत्रको संलग्नता विविध आर्थिक पक्षमा फैलिंदै ब्यापकर र गहिरिंदै जानेछ । साथै विकासका लागिआवश्यक विभिन्न आर्थिक संरचनाहरुको निर्माण कार्य सम्पन्न हुनेछ ।

**सभामुख महोदय**

११६ परम्परागत जडताको सुखमा अभ्यस्त हुनेहरुलाई परिवर्तनको गतिशिलता र हलचल कष्टप्रद हुने गर्छ । आर्थिक सुधार र परिवर्तनको बाटो पनि सजिलो छैन किनभने जीवनका हरक्षेत्रका मानीसले संक्रमण र परिवर्तन सँगै आफ्ना गतिविधिहरुलाई समायोजन गर्ने पर्ने हुन्छ । राजनैतिक दृष्टिले हाम्रो लागि आर्थिक सुधारका कार्यक्रम जोखिम पूर्ण वा राजनैतिक लोक प्रियतामा कमी ल्याउने खालको पनि बन्न सक्छ । तर देशको समग्र आर्थिक स्थितिमा परिवर्तन गर्न खोज्ने नेपाली काँग्रेसको सरकार आफ्नो ५ बर्षे कार्यकाल र आगामी आमचुनावलाई मात्र हेरी आर्थिक नीति तय गर्दैन । यताउता केही अनुदान छरेर, टाठावाठा केहीलाई अनुत्पादक रोजगारी दिलाएर र धान्नै नसकिने आयोजना संचालन गरेर सरकारमा बस्नेले क्षणिक लाभ दिलाउन सकिन्छ र विकासको भ्रम फैलाउन सकिन्छ । तर यसरी दिगो विकास हुन्न, यसबाट त उल्टो भित्रैबाट अर्थतन्त्र खोक्रिदै जान्छ । वास्तविक विकासका लागि जग नै बलियो चाहिन्छ । सुदृढ एवं गतिसिल अर्थ व्यवस्थाबाट मात्र आर्थिक सम्बृद्धि र सम्पन्नता सुनिश्चित हुन्छ । त्यसैले स्पष्टताः हाम्रो लक्ष्य कठिन छ तर निश्चित छ ।

११७ यो चुनौतिपूण र कठिनबाटोमा अग्रसर सरकारलाई जनताले दिएको विश्वास र समर्थनका लागि म सरकारका तर्फबाट आभार व्यक्त गर्दछु तथा हाम्रा सम्पूर्ण शुभेच्छुक मित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संस्थाहरु प्रति पनि सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**जय नेपाल**

अनुसूची १

आय व्ययको विवरण

रु. हजारमा

| विवरण | आ.ब. ०४८।४९ को यथार्थ | आ.ब. ०४९।५० को संशोधित अनुमान | आ.ब. ०५०।५१ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | २६,४१८,२१५ | ३०,८९७,१५७ | ३५,५१३,९७८ |
| साधारण तर्फ | ९,९०५,४११ | ११,८९४,३४८ | १२,८८८,०४९ |
| विकास तर्फ | १६,५१२,८०४ | १९,००२,८०९ | २२,६२५,९२९ |
| खर्च व्यहोर्ने श्रोतहरु | १५,१५६,४९० | १८,१७५,३२५ | २२,४१२,९४६ |
| राजश्व | १३,५१२,६८४ | १४,८६३,९०८ | १८,०८४,३९० |
| राजश्वको वर्तमान श्रोतबाट | | | १६,४२४,५९० |
| कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | | १,६५९,८०० |
| बैदेशिक सहायता (अनुदान) | १,६४३,८०६ | ३,३११,४१७ | ४,३२८,५५६ |
| द्विपक्षीय | १,२५३,८७७ | २,५६९,०५६ | ३,६१४,०९५ |
| बहुपक्षीय | ३८९,९२९ | ७४२,३६१ | ७१४,४६१ |
| बचत (+) न्यून (−) | -११,२६१,७२५ | -१२,७२१,८३२ | -१३,१०१,०३२ |
| न्यून पूर्ति गर्ने श्रोतहरु | ११,२६१,७२५ | १२,७२१,८३२ | १३,१०१,०३२ |
| विदेशी सहायता (ऋण) | ६,८१६,९४४ | ९,०५३,४९० | ११,२८१,०३२ |
| द्विपक्षीय | २,३८९,८३२ | १,१०२,२१५ | ६८०,६४१ |
| बहुपक्षीय | ४,४२७,११२ | ७,९५१,२७५ | १०,६००,३९१ |
| आन्तरिक ऋण | २,०७८,८२६ | १,६२०,००० | १,८२०,००० |
| बैकिङ्ग क्षेत्र | १,१७८,८२६ | ९२०,००० | १,०००,००० |
| गैर बैकिङ्ग क्षेत्र | ९००,००० | ७००,००० | ८२०,००० |
| नगद मौज्दातमा परिवर्तन (− बचत) | २,३६५,९५५ | २,०४८,३४२ | |

राजश्व अनुमान
आर्थिक बर्ष २०५०/५१

अनुसूची २
रु.हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | ४,३९६,४७५ | ५००,००० | ४,८९६,४७५ |
| १.१.१.१ | पैठारीबाट | ३,५५३,१४० | १५०,००० | ३,७०३,१४० |
| १.१.१.२ | निकासीबाट | १४१,३३५ | ३५०,००० | ४९१,३३५ |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | ७००,००० | | ७००,००० |
| १.१.१.४ | भन्सारको अन्य आय | २,००० | | २,००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | ६,४०७,१०० | ५१८,२०० | ६,९२५,३०० |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,६६५,००० | ७५,००० | १,७४०,००० |
| १.१.२.३ | मदभट्टी ठेक्का रकम | ३०० | | ३०० |
| १.१.२.४ | बिक्री कर | ३,९५०,००० | ४१८,२०० | ४,३६८,२०० |
| १.१.२.६ | मनोरञ्जन कर | ४०,००० | | ४०,००० |
| १.१.२.७ | होटल कर | २५५,००० | | २५५,००० |
| १.१.२.८ | हवाइ उडान कर | २३०,००० | २५,००० | २५५,००० |
| १.१.२.९ | सडक पुल सम्भार कर | २५९,६०० | | २५९,६०० |
| १.१.२.९ क | अन्य कर | ७,२०० | | ७,२०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ७६८,७८० | ० | ७६८,७८० |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ५५,८४० | | ५५,८४० |
| १.१.३.२ | नगरपालिका र गाउँ विकास समितिबाट | | | ० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ७१२,९०० | | ७१२,९०० |
| १.१.३.४ | आय टिकट दस्तुर | ४० | | ४० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | १,२२८,६६५ | ३६९,००० | १,५९७,६६५ |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | २१०,००० | | २१०,००० |
| १.१.४.२ | आयकर– अर्ध सरकारी क्षेत्र | ७,००० | | ७,००० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | १०,००० | | १०,००० |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | ८४८,६६५ | २५०,००० | १,०९८,६६५ |
| १.१.४.५ | आयकर–पारिश्रमिक | ७३,००० | १५,००० | ८८,००० |
| १.१.४.६ | घर जग्गा बहाल कर | २५,००० | ३०,००० | ५५,००० |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | १०,००० | | १०,००० |
| १.१.४.८ | सवारी साधन कर | ६,००० | ४,००० | १०,००० |
| १.१.४.९ क | ब्याज कर | २९,००० | ७०,००० | ९९,००० |
| १.१.४.९ ख | सम्पत्ति कर | १०,००० | | १०,००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | ४३३,५३५ | ० | ४३३,५३५ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | २९,५०० | | २९,५०० |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रशन दस्तुर | ३५ | | ३५ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | १,५०० | | १,५०० |
| १.१.५.४ | सावरी इजाजत दस्तुर | ५२,५०० | | ५२,५०० |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३०,००० | | ३०,००० |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ३२०,००० | | ३२०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | १,०२३,७०० | २७०,६०० | १,२९४,३०० |
| १.१.६.१ | पिउने पानी महसूल | ३,५०० | | ३,५०० |
| १.१.६.२ | पानीपोत | २,००० | | २,००० |
| १.१.६.३ | विदुत महसूल | २,२०० | | २,२०० |
| १.१.६.४ | हुलाक सेवा | ११०,००० | २०,६०० | १३०,६०० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २२,००० | | २२,००० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | २९,००० | | २९,००० |
| १.१.६.७ | वन क्षेत्रको आय | १५०,००० | १५०,००० | ३००,००० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | १९०,००० | | १९०,००० |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ५१५,००० | १००,००० | ६१५,००० |
| १.१.७.० | लाभांस | ६७०,००० | ० | ६७०,००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.७.१ | वित्तीय स.स्था | ६२०,००० | | ६२०,००० |
| १.१.७.२ | व्यापारिक संस्था | २५ | | २५ |
| १.१.७.३ | औद्योगिक संस्था | ४४,९६० | | ४४,९६० |
| १.१.७.४ | सेवामूलक संस्था | ५,०१५ | | ५,०१५ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | ७३,५३५ | २,००० | ७५,५३५ |
| १.१.८.१ | खानी रोयल्टी | २,५०० | २,००० | ४,५०० |
| १.१.८.२ | विद्युत रोयल्टी | ३५ | | ३५ |
| १.१.८.३ | अन्य रोयल्टी | ५५,००० | | ५५,००० |
| १.१.८.४ | अन्य विक्री | १२,००० | | १२,००० |
| १.१.८.८ | टक्सारको अन्य आय | ४,००० | | ४,००० |
| १.१.९.० | साँव र ब्याज | १,४००,८०० | ० | १,४००,८०० |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | ६००,००० | | ६००,००० |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | ८००,००० | | ८००,००० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ८०० | | ८०० |
| १.१.९.० | विविध आय | २२,००० | ० | २२,००० |
| १.१.९.४ | विविध आय | २२,००० | | २२,००० |
| | | १६,४२४,५९० | १,६५९,८०० | १८,०८४,३९० |

अनुसूची ३

राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | आ.ब. २०४८।४९ को यथार्थ | आ.ब. २०४९।५० को संशोधित अनुमान |
|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | ३,३५८,८८८ | ३,९२९,५४७ |
| १.१.१.१ | पैठारीबाट | २,७९५,१६६ | ३,१३६,७४० |
| १.१.१.२ | निकासीबाट | ११४,६९४ | १२५,०७५ |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | ४४७,४६६ | ६६५,१३२ |
| १.१.१.४ | भन्सारको अन्य आय | १,५६२ | २,६०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | ४,९२१,४८० | ५,६८८,२९७ |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,४१४,१२२ | १,४६८,३१७ |
| १.१.२.२ | मदभट्टी ठेक्का रकम | २४२ | ३०० |
| १.१.२.३ | विक्री कर | २,८४०,७३५ | ३,४६०,४१३ |
| १.१.२.४ | मनोरञ्जन कर | ३८,२६५ | ५१,८०८ |
| १.१.२.६ | होटल कर | १९१,२४९ | २१६,९५० |
| १.१.२.७ | हवाइ उडान कर | १७७,८६१ | २१३,९७२ |
| १.१.२.८ | ठेक्का कर | २१३,२९८ | २५८,८९४ |
| १.१.२.९ | सडक पुल सम्भार कर | ४३,३८८ | ११,१४३ |
| १.१.२.९ क | अन्य कर | २,३२० | ६,५०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ६३६,१३६ | ७०८,०५२ |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ६४,८१७ | ६५,६४५ |
| १.१.३.२ | नगरपालिका र गाउँ विकास समितिबाट | ६० | ५० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ५७१,२२३ | ६४२,३१७ |
| १.१.३.४ | आय टिकट दस्तुर | ३६ | ४० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | ९५९,०६४ | १,१९५,२३३ |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | १७१,०८० | १९५,२९६ |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | ५,२६७ | ६,३२० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | ६,४४८ | ९,०३५ |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | ६१७,८८४ | ७८७,५४४ |
| १.१.४.५ | आयकर–पारिश्रमिक | ५४,७५४ | ६५,७०५ |
| १.१.४.६ | घर जग्गा बहाल कर | १६,३९९ | २१,८७६ |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | २२,३२३ | १९,०२८ |
| १.१.४.८ | सवारी साधन कर | ४५,४४२ | ५६,५३४ |
| १.१.४.९ क | ब्याज कर | १९,४६७ | २३,३६० |
| १.१.४.९ ख | सम्पत्ति कर | ० | १०,५३५ |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | १,१०६,३३३ | ३२९,५०२ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | २६,०५२ | २७,७३९ |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रशन दस्तुर | ४७ | ३० |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ९७१ | १,३०० |
| १.१.५.४ | सावरी इजाजत दस्तुर | १९,४५६ | ४६,८५५ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २७,६६४ | २८,५७८ |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १,०३२,१४३ | २२५,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | ७६४,९९० | ८८५,१०१ |
| १.१.६.१ | पिउने पानी महसूल | २,७७५ | ३,३८१ |
| १.१.६.२ | पानीपोत | ३,११२ | १,६४१ |
| १.१.६.३ | विदुत महसूल | १,०५२ | १,९०० |
| १.१.६.४ | हुलाक सेवा | ७४,११९ | ९६,७४० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २०,१२२ | २०,००० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १७,७४५ | २७,५०० |
| १.१.६.७ | वन क्षेत्रको आय | १९७,७५९ | १५८,३३६ |
| १.१.६.८ | यातायात क्षेत्रको आय | १५०,२५७ | १७०,०७९ |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | २९८,०४९ | ४०५,५२४ |
| १.१.७.० | लाभांस | ६४४,४१९ | ७८२,५५५ |

| | | | |
|---|---|---|---|
| १.१.७.१ | वित्तीय स.स्था | ६२७,१२४ | ७५४,६२३ |
| १.१.७.२ | व्यापारिक संस्था | ३,०८५ | ८ |
| १.१.७.३ | औद्योगिक संस्था | १४,२०५ | २६,६५४ |
| १.१.७.४ | सेवामूलक संस्था | ५ | १,२७० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | १३७,७६२ | ७०,७८६ |
| १.१.८.१ | खानी रोयल्टी | २,६२२ | २,०८० |
| १.१.८.२ | विद्युत रोयल्टी | ९०,००६ | ० |
| १.१.८.३ | अन्य रोयल्टी | २७,२७० | ५२,८८० |
| १.१.८.४ | अन्य विक्री | १४,७९८ | ११,९९३ |
| १.१.८.८ | टक्सारको अन्य आय | ३,०६६ | ३,८३३ |
| १.१.९.० | साँव र ब्याज | ९७१,४५२ | १,२५३,२४९ |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | ४२७,१९२ | ६०२,४७८ |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | ५४३,८३४ | ६५०,००० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ४२६ | ७७१ |
| १.१.९.० | विविध आय | १२,१६० | २१,५८६ |
| १.१.९.४ | विविध आय | १२,१६० | २१,५८६ |
| | | १३,५१२,६८४ | १४,८६३,९०८ |

अनसूची ४

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०४९।५० को संशोधित अनुमान | आ.ब. २०५०।५१ के अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | २८२,७६३ | १९७,७१० | २१८,४९१ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | ४८,५९५ | ५३,८६१ | ५८,१९७ |
| | १.२ | राजपरिषद् | २,६५२ | ४,१६४ | ४,३४० |
| | १.३ | संसद | ४४,७२४ | ४७,१०५ | ६८,५१५ |
| | १.४ | सर्वोचच अदालत | ८,८९३ | २२,२४५ | १४,८७७ |
| | १.५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २,१४२ | ३,७६० | ४,३८४ |
| | १.६ | महालेखा परिक्षकको विभाग | १९,७३२ | २३,५३३ | २४,७३४ |
| | १.७ | लोक सेवा आयोग | १७,१३९ | १८,६९४ | १९,०५७ |
| | १.८ | निर्वाचन आयोग | १३५,५२९ | १८,८२१ | १८,४७० |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | ३,३५७ | ४,२९९ | ४,६१७ |
| | १.१० | न्याय परिषद | ० | १,२२८ | १,३०० |
| २. साधारण प्रशासन | २ | | १,५३४,३६१ | १,८१४,६५९ | १,९८८,९१९ |
| | २.१ | मन्त्रिपरिषद् | ८,९८३ | ११,२८० | ११,२८० |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | १६६,१०० | २४१,९०५ | २१०,०६८ |
| | २.३ | जिल्ला प्रशासन | ६७,६३१ | ८७,७२५ | ९१,३९३ |
| | २.४ | प्रहरी | १,१५१,८९८ | १,३०९,५०० | १,५०४,४५६ |
| | २.५ | कारागार | ५९,५३७ | ७१,७१२ | ७८,५२० |
| | २.६ | विविध | ८०,२१२ | ९२,५३७ | ९३,२०२ |
| ३. राजश्व प्रशासन | ३ | | १७३,५१४ | २१४,१९७ | २१२,३०२ |
| | ३.१ | मालपोत | ८१,९१६ | ९७,००४ | ९८,३७७ |
| | ३.२ | भन्सार | ५२,७१८ | ६१,७९६ | ६०,०८९ |
| | ३.३ | अन्तःशुल्क | १४,११८ | २१,२६९ | १८,९३१ |
| | ३.४ | कर | २४,१६९ | ३३,३२७ | ३३,८६२ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ५९३ | ८०१ | १,०४३ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | ५९,४०७ | ७६,८७४ | ८९,९९७ |
| | ४.१ | योजना | ३,१४८ | ४,२८४ | ४,००८ |
| | ४.२ | तथ्याङ्क | ३,६८८ | ४,९११ | १९,८४७ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ५२,५७१ | ६७,६७९ | ६६,१४२ |
| ५.न्याय प्रशासन | ५ | | १११,९७१ | १४९,३१० | १६१,३०० |
| | ५.१ | अदालत | १११,९७१ | १४९,३१० | १६१,३०० |
| ६.बैदेशिक सेवा | ६ | | २२९,९६१ | ३३०,५०७ | ३५०,११८ |
| | ६.१ | ब्रैदेशिक सेवा | २००,३६५ | २५७,५८६ | २७८,६३५ |
| | ६.२ | विविध | २९,५९६ | ७२,९२१ | ७१,४८३ |
| ७. रक्षा | ७ | | १,४८८,९७६ | १,७२०,२७२ | १,८७९,६५३ |
| | ७.१ | रक्षा | १,४८२,६२३ | १,७१२,७०० | १,८७१,८७० |
| | ७.२ | विविध | ६,३५३ | ७,५७२ | ७,७८३ |
| ८. सामाजिक सेवाहरु | ८ | | ९९८,९७० | १,२८९,४५२ | १,४०६,५१८ |
| | ८.१ | शिक्षा | ४७२,५५७ | ६८८,००९ | ७४६,७१२ |
| | ८.२ | स्वास्थ्य | ४१०,८६१ | ४६८,४४१ | ५२९,८९१ |
| | ८.३ | पाउने पानी | ३,७३४ | ४,४०२ | ४,४५७ |
| | ८.४ | स्थानिय विकास | ९,१८० | ११,८७६ | ११,५६२ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | १०२,६३८ | ११६,७२४ | ११३,८९६ |
| ९. आर्थिक सेवाहरु | ९ | | ५४८,६७५ | ६८८,५९७ | ७०८,६८३ |
| | ९.१ | कृषि | ४०,३९९ | ५४,०३८ | ४३,३१५ |
| | ९.२ | सिंचाई | ८,८७३ | ११,७९१ | १०,२८२ |
| | ९.३ | भूमिसुधार | १४,६४३ | ३४,५४४ | ३६,२५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.४ | नापी | २२,२४५ | २७,७११ | २८,२४७ |
| | ९.५ | वन | २२,५७२ | २७,६९७ | २७,४८३ |
| | ९.६ | उद्योग तथा खानी | २१,०२० | २५,६२७ | २५,३८२ |
| | ९.७ | सञ्चार | २५८,०१४ | ३२७,०५२ | ३४७,४०८ |
| | ९.८ | यातायात | १४८,४९३ | १६४,००० | १७५,९१३ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | १२,४१६ | १६,१३७ | १४,३९५ |
| १०.ऋण तथा लगानी | १० | | ३,००० | १७०,०९७ | २१,५०० |
| | १०.१ | ऋण तथा लगानी | ३,००० | १७०,०९७ | २१,५०० |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | ३,७९७,११४ | ४,३६०,५०६ | ४,८५६,८६८ |
| | ११.१ | साँवा भुक्तानी | १,२०६,९५७ | १,५०५,५६२ | १,८४४,२४६ |
| | ११.२ | ब्याज भुक्तानी | २,५९०,१५७ | २,८५४,९४४ | ३,०१२,६२२ |
| १२. विविध | १२ | | ६७६,६९९ | ८८२,१६७ | ९९३,७०० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ९,०९९ | १०,००० | २०,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ३२६,९१३ | ४०१,००० | ४६३,५०० |
| | १२.३ | अतिथि सत्कार | ९१० | १,००० | २,००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | ३५ | २०० | १०,२०० |
| | १२.५ | मुआब्जा | ५,४७५ | १०,००० | २०,००० |
| | १२.६ | अन्य | १८८,६८३ | ३५९,९६७ | ३७८,००० |
| | १२.७ | भैपरी आउने | १४५,५८४ | १००,००० | १००,००० |
| कूल जम्मा | | | ९,९०५,४११ | ११,८९४,३४८ | १२,८८८,०४९ |

अनुसूची ५

विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०४९।५० को संशोधित अनुमान | आ.ब. २०५०।५१ के अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | १३,८३१ | ३६,६८० | ३७,९८९ |
| | २.७ | प्रशासन | १३,८३१ | ३६,६८० | ३७,९८९ |
| ४. आर्थिक योजना र प्रशासन | | | ३९,२७८ | २९,६६० | २६,९८७ |
| | ४.१ | योजना | ५,८७४ | ११,७६१ | १२,८०५ |
| | ४.२ | तथ्याक | ३३,४०४ | १७,८९९ | १४,१८२ |
| ८. सामाजिक सेवाहरु | | | ५,०४०,३१६ | ६,६९५,५७६ | ७,८०४,५१६ |
| | ८.१ | शिक्षा | २,३९५,१९५ | ३,४७८,२९३ | ३,७८६,९३७ |
| | ८.२ | स्वास्थ्य | ५०७,२०० | ६८३,०१३ | ९३१,४६१ |
| | ८.३ | पिउने पानी | १,३३४,४२४ | १,२००,८२७ | १,३८१,९९३ |
| | ८.४ | स्थानीय विकास | ४०६,५१० | ६१५,६१४ | १,००३,६९२ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ३९६,९८७ | ७१७,८२९ | ७००,४३३ |
| ९. आर्थिक सेवाहरु | | | ११,०६३,२७३ | १२,१२५,८९३ | १४,६३६,४३७ |
| | | | ४,४९१,३९६ | ४,४०९,०६० | ६,३२१,५०१ |
| | ९.१ | कृषि | १,२७६,०५० | १,८६३,३३१ | २,७६३,७९३ |
| | ९.२ | सिंचाई | २,२१२,२३६ | १,८१६,८२३ | २,४०५,९४४ |
| | ९.३ | भूमिसुधार | ३१,२७९ | ८,००० | ५,०७५ |
| | ९.४ | नापी | ८७,५८२ | ११२,००० | १६८,३३४ |
| | ९.५ | बन | ८८४,२४९ | ६०८,९०६ | ९७८,३५५ |
| | ९.६ | उद्योग तथा खानी | २,४२७,२४७ | १,२९३,६६७ | ५८७,९७४ |
| | | (क) उद्योग | २,४०५,५५२ | १,२५२,५०४ | ५०८,३७२ |
| | | (ख) खानी | २१,६९५ | ४१,१६३ | ७९,६०२ |
| | ९.७ | सञ्चार | ११५,९९१ | ६७५,९२३ | ८१०,६२५ |
| | | (क) हुलाक | २,४७५ | ६,९५० | १५,४०९ |
| | | (ख) दूर संचार | ११३,५१६ | ६६८,९७३ | ७९५,२१६ |
| | ९.८ | यातायात | २,३८१,०१७ | २,७१७,५५६ | ३,२८२,५६३ |
| | | (क) सडक | २,०५९,३१४ | २,२७०,७३७ | २,२६२,३०३ |
| | | (ख) पूल | ८५,१०८ | ५२,९८४ | २६३,६५५ |
| | | (ग) हवाई | २२१,०७९ | ३९३,८३५ | ६२५,८९८ |
| | | (घ) अन्य यातायात | १५,५१६ | ० | १३०,७०७ |
| | ९.९ | विद्युत | १,४१४,३७९ | २,६६६,२९६ | ३,०९८,४९३ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | २३३,२४३ | ३६३,३९१ | ५३५,२८१ |
| | | (क) वाणिज्य | ३७,०३५ | ४५,८२६ | २३,०६८ |
| | | (ख) श्रम | १२,१६३ | १५,०८९ | १४,९९५ |
| | | (ग) पर्यटन | १२,४९४ | ३९,७९६ | १२१,७३८ |
| | | (घ) हावापानी तथा जलवायू | १६,०५४ | २०,०६० | २०,५०५ |
| | | (ङ) आपूर्ति | १५३,१९७ | १९४,१२० | ३५०,००० |
| | | (च) अन्य | २,३०० | ४८,५०० | ४,९७५ |
| १२. विविध | | | ३५६,१०६ | ११५,००० | १२०,००० |
| | १२.७ | भैपरी | ३५६,१०६ | ११५,००० | १२०,००० |
| कूल जम्मा | | | १६,५१२,८०४ | १९,००२,८०९ | २२,६२५,९२९ |

अनुमानीत विकास बजेटको खर्च र प्रतिशत २०५०/५१

अनुसूची ६

रु.हजारमा

| शीर्षक | अनुमानीत विकास बजेट | कूल विकास बजेटको प्रतिफल |
|---|---|---|
| आर्थिक सेवा कृषि क्षेत्र | ६,३२१,५०१ | २७.९४ |
| कृषि | २,७६३,७९३ | १२.२२ |
| सिचाई | २,४०५,९४४ | १०.६३ |
| भूमिसुधार | ५,०७५ | ०.०२ |
| नापी | १६८,३३४ | ०.७४ |
| बन | ९७८,३५५ | ४.३२ |
| यातायात क्षेत्र | ३,२८२,५६३ | १४.५१ |
| सडक | २,२६२,३०३ | १० |
| पुल | २६३,६५५ | १.१७ |
| हवाई | ६२५,८९८ | २.७७ |
| अन्य | १३०,७०७ | ०.५८ |
| उद्योग क्षेत्र | ५८७,९७४ | २.६ |
| संचार क्षेत्र | ८१०,६२५ | ३.५८ |
| अन्य आर्थिक सेवाहरु | ५३५,२८१ | २.३७ |
| सामाजिक सेवा | ७,८०४,५१६ | ३४.४९ |
| स्वास्थ्य | ९३१,४६१ | ४.१२ |
| शिक्षा | ३,७८६,९३७ | १६.७४ |
| खानेपानी | १,३८१,९९३ | ६.११ |
| स्थानीय विकास | १,००३,६९२ | ४.४४ |
| अन्य | ७००,४३३ | ३.१ |
| अन्य | ३,२८३,४६९ | १४.५१ |
| कूल जम्मा | २२,६२५,९२९ | १०० |

कूल खर्चको आर्थिक वर्गीकरण

अनुसूची ७

रु.हजारमा

| | | साधारण | प्रतिशत | विकास | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | तलब,भत्ता र भ्रमण भत्ता | ३,८१३,१७३ | २९.५९ | १,५८७,१२५ | ७.०१ | ५,४००,२९८ | १५.२१ |
| २ | अन्य सालबसाली खर्च | ७,७७८,२४२ | ६०.३५ | १,६७१,२१८ | ७.३९ | ९,४४९,४६० | २६.६१ |
| ३ | आथिक सहायता/अनुदान | ८५५,७१० | ६.६४ | ४,०५०,१६० | १७.९ | ४,९०५,८७० | १३.८१ |
| ४ | पूँजीगत खर्च | ४४०,९२४ | ३.४२ | १५,३१७,४२६ | ६७.७ | १५,७५८,३५० | ४४.३७ |
| | | १२,८८८,०४९ | १०० | २२,६२५,९२९ | १०० | ३५,५१३,९७८ | १०० |